जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

लिङ्ग पहिचान गरी
भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले
नगरौं, नगराऔं ।
छोरा र छोरी दुवैको
जीवन सुरक्षित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक ११६ • २०७९ साल भाद्र २८ गते मंगलबार (13 September, Tuesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# गठबन्धन अपवित्र शब्द हो
## एमाले एक्लै चुनावमा जान्छ : ओली

**संजय यादव**

जनकपुरधाम । नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले गठबन्धन अपवित्र शब्द रहेको टिप्पणी गरेका छन् ।

सोमवार जनकपुरधाममा आयोजित जनसभालाई सम्वोधन गर्दै उनले आफ्नो पार्टी नेकपा एमाले कुनै दलसंग गठबन्धन नगर्ने बताउँदै उनले भने, 'आगामी मंसिर ४ गते हुने निर्वाचनमा एक्लै मैदानमा उत्रने छ ।'

अध्यक्ष ओलीले नेकपा एमाले विरुद्ध बनेको पाँच दलीय गठबन्धन जनताको मत दुरुपयोग गर्नकालागि बनेको आरोप लगाए । धनुषा निर्वाचन क्षेत्र नम्बर तीनमा नेकपा एमालेले उम्मेदवार दिने जानकारी दिदै उम्मेदवार स्थानीय स्तरवाट तय भएर गएपछि टुङ्गो लाग्ने बताए । नेकपा एमाले संग लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को गठबन्धन भएपछि धनुषा तीन लोसपाले पाउने कुरा आएपछि ओलीले धनुषा तीनमा पनि उम्मेदवार दिने प्रष्ट पारेका छन् ।

नेपाली कांग्रेसका पूर्व उपसभापति एवं पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले सो क्षेत्रबाट चुनावमा जान खुट्टा कमाएपछि ओलीले उम्मेदवार दिन गर्जेका छन् ।२०७४ सालको संसदीय चुनावमा एमालेले सम्पूर्ण मत तत्कालीन राष्ट्रिय जनता पार्टी(राजपा) अध्यक्ष मण्डलका सदस्य राजेन्द्र महतोमा खन्याएर निधिलाई पराजित गराएका थिए।

उच्चस्रोतहरुका अनुसार निर्वाचन क्षेत्र नम्बर ३ बाट राजेन्द्र महतो र जुली मध्ये एकजना मात्र उम्मेदवार हुने निश्चित छ ।



लोसपाका वरिष्ठ नेता महतोले उम्मेदवारी दिए जुली प्रदेश सभा चुनावमा कांग्रेसबाट प्रदेश सभामा भौतिक पूर्वाधार विकास मन्त्री रहेका रामसरोज यादवसित भिड्ने छिन् ।

कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनमा समावेश हुने लोसपाको प्रयास सफल हुन नसकेको अवस्थामा एमालेसित गठबन्धन हुने संभावना बढेको छ। मधेश प्रदेशमा एमालेले प्रतिनिधि सभाको १० सिट मात्र लिएर पनि लोसपालाई २२ सिट दिन सक्ने संभावनालाई अस्वीकार गर्न सकिदैन् । तर प्रदेश सभामा भने एमालेले बहुमत सिट ताक्ने पक्का छ। जुलीलाई प्रदेशमा चुनाव लडाएर एमालेले उनलाई मुख्यमन्त्रीको रुपमा प्रस्तुत गर्ने संभावना रहेको लोसपाका नेताहरुको अनुमान छ।

नेकपा एमाले र लोसपाका नेताहरु बीच आइतवार गठबन्धन सम्वन्धमा छलफल भएको थियो । नेकपा एमालेले लोसपाका शीर्ष नेताहरुको सिट सुरक्षित राख्नकालागि आफ्नो उम्मेदवार नदिने भएपछि छलफल सकारात्मक भएको थियो । तर, जनकपुरधाममा आयोजित कार्यक्रममा उनले उम्मेदवार दिने निश्चित गरेपछि उम्मेदवार को हुने विषय अन्योल बनेको छ।

पोलिटब्यूरो सदस्य जुली महतोलाई उम्मेदवार उठाउने निर्णय एमालेले गरे धनुषा क्षेत्र नम्बर ४ बाट रघुवीर महासेठका लागि घातक हुन सक्ने एमालेका नेताहरुको चिन्ता देखिएको छ । गठबन्धन नभए एमालेसित विकल्प पनि नरहेको उनीहरु बताउँछन् ।

हुनत उनले पटक पटक जनतासंग उम्मेदवारको नाम सोधेका थिए। तर ओली आफैले उम्मेदवारको बारेमा बोलेनन् । धनुषा ३ वाट जुली महतोको नाम सिफारिस गरिएको छ। लोसपावाट वरिष्ठ नेता राजेन्द्र महतोको नाम सिफारिस गरिएको छ। कांग्रेसवाट पटक पटक सांसद भई सकेका पूर्व उप-सभापति विमलेन्द्र निधि आफ्नो नाम समानुपातिकमा सिफारिस गराएपछि धनाढ्य परमेश्वर महासेठको नाम सिफारिस गरिएको छ। नेकपा एमालेका अध्यक्ष ओलीले गठबन्धन नगर्ने बताए पनि प्रधानमन्त्रीसंगको छलफलमा ओलीले माओवादी केन्द्रलाई गठबन्धन बाहिर राख्न आग्रह गरेका थिए। विगत एक महिना देखि गठबन्धनको कार्यदलको बैठक निष्कर्षमा पुग्न सकेको छैन् ।

' विगतमा गरिएको गठबन्धनबाट एमाले पाठ सिकिसकेको छ । गठबन्धन जनतालाई ठग्नकालागि गरिन्छ ' उनले भने-'जनतालाई ठग्ने सोचमा एमाले छैन् ।' उसको मतले उ जित्ने, उसको मतले उ जित्ने भएपछि पार्टीको विचार, सिद्धान्तको कुनै औचित्य नरहेको उल्लेख गर्दै अध्यक्ष ओलीले भने, विचारहीन, सिद्धान्तहीनहरु गठबन्धन बनाएर जनतालाई ठग्ने छन् । एमालेले त्यस्ता कुनै काम नगर्ने उनले दावी गरे ।

पछिल्लो चुनावमा एमालेले नेकपा माओवादी केन्द्रसित गठबन्धन गरी एउटै घोषणापत्रबाट चुनाव लडेका थिए । त्यसमा नराम्ररी धोका खाएका ओली यसपटक सतर्क देखिएका छन् ।

# अपेक्षाकृत एमाले प्रवेश कार्यक्रम फितलो, जनसहभागिता अधिक

**टुडे समाचारदाता**

जनकपुरधाम ।नेकपा एमालेमा प्रवेश गर्ने कार्यक्रम अपेक्षा गरिए अनुसार हुन नसकेको बताइएको छ। एमाले अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीमा नवप्रवेशीलाई स्वागतगर्न सोमवार मधेश प्रदेशको राजधानी जनकपुरधाममा आएका थिए।

तर कार्यक्रममा मधेश प्रदेशका जिल्लाहरुबाट एमालेका नेता, कार्यकर्ताहरुको भारी सहभागिता रहेको थियो । प्रधानमन्त्री भएर तत्कालीन प्रदेश सभा प्रदेश नम्बर २ को बैठकलाई सम्बोधन गरेपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुरधाम भ्रमणपछि पहिलो पटक जनकपुरधाम आएका थिए।

नेपाली कांग्रेसका पूर्व जिल्ला उपसभापति सन्तोष यादव लगायत कांग्रेसबाट धनुषा निर्वाचन क्षेत्र नम्बर ३ र ४ बाट भारी संख्यामा एमाले प्रवेश गर्ने प्रचार गरिएको थियो। तर यादवसित कांग्रेसका जिल्ला, क्षेत्र, प्रदेश र पालिका स्तरीय नेता समेत गएनन्।

एमालेका स्थायी कमिटी सदस्य समेत रहेका पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठले चुनाव लड्ने निर्वाचन क्षेत्र नम्बर ४ मा घर भएका कांग्रेसका नेता यादवका भाई माला यादव(पालिका चुनावमा स्वतन्त्र)रहेकाले समेत दलबदलमा साथ दिएनन्।

यादवले प्रदेश सभामा प्रत्यक्ष



अथवा श्रीमतीलाई समानुपातिक तर्फ जित सुनिश्चित गर्न वार्गेनिंग गरेको कांग्रेस धनुषा क्षेत्र नम्बर ४ का सभापति कुमरकान्त झाले आरोप लगाए ।'कांग्रेसको जिल्ला सदस्यदेखि उपसभापति र गाविस अध्यक्ष समेत रहीसकेका यादव अत्यन्त महत्वाकांक्षी बनेका थिए'उनले भने, 'जिल्ला सभापतिमा चुनाव हारेका यादवको वर्हिगमनले पार्टीमा कुनै फरक पर्ने छैन्।

पार्टी प्रवेश कार्यक्रममा जनता समाजवादी पार्टी (जसपा) की मधेश प्रदेश सदस्य अञ्जु कुमारी यादव र केन्द्रीय सदस्य रामउदित राम र शम्भु साहले अध्यक्ष ओलीबाट टिका लगाए । नेपाल समाजवादी पार्टी( नेसपा)की प्रतिनिधि सभासदस्य रुही नाजपनि सोही मञ्चबाट एमालेमा प्रवेश गरिन् । सर्लाही जिल्लाकी रुही नाज असार महिनामा जसपा छाडेर बाबुराम भट्टराई नेतृत्वको नेसपातर्फ लागेकी थिइन् । उनी यसअघि काठमाण्डुमा पनि अध्यक्ष ओलीसित टिका लगाएकी थिईन् ।

जसपाकी प्रदेश सभासदस्य यादव पूर्व राजपाबाट जसपामा अड्केपनि उनी पार्टीको गतिविधि भन्दा अलग थिईन् । पर्सा जिल्लाकी यादवलाई एमालेले समानुपातिक सदस्यमा सुनिश्चित गरिएको वचन दिएको छ।

मधेश प्रदेशमा एमालेसित प्रयाप्त सिट रहेकाले प्रत्यक्ष र समानुपातिक तर्फ उम्मेदवार सिफारिस गर्न समस्या देखिएको छैन् ।तर धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ र ४ मा रघुवीर महासेठ र उनकी पत्नी जुली महतोलाई प्रतिनिधि सभामा उम्मेदवार उठाउनु उच्चजोखिम रहेको नेताहरुले अध्यक्ष ओलीलाई सुझाव दिएको स्रोतले जनाए। संविधान सभामा पनि पतिपत्नी नै चुनाव लड्दा दुबै जना पराजित भएका थिए।







# कुकुरलाई जोगाउन खोज्दा महिलाको मृत्यु

**टुडे समाचारदाता**

राजविराज । बाटो काट्न लागेको कुकुरलाई बचाउने क्रममा अनियन्त्रित भइ मोटरसाइकल दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ।



दुर्घट्नामा सप्तरीको बोदेवर्साइन नगरपालिका २ की ४५ वर्षीया अन्जनादेबी यादवको मृत्यु भएको छ। विहान ९ बजे तिर उनका पतिले चलाइरहेको प्रदेश-२-०१-००२ प.३९९३ नम्बरको मोटरसाइकल पूर्वपश्चिम राजमार्ग अन्तर्गत शम्भुनाथ नगरपालिका ५ मोहनपुर सडकखण्डमा कुकुरलाई जोगाउने क्रममा दुर्घट्नामा परेको डीएसपी माधव प्रसाद काफ्लेले जानकारी दिए।

उनका पति सामान्य घाइते भए पनि पछिल्लो सिटमा सवार उनको पत्नी अन्जना भने गम्भिर घाइते भएकी थिइन।

उनलाई तत्कालै युनिक अस्पतालमा पुर्‍याइएको थियो। चिकित्सकले उनलाई मृत घोषित गरेका थिए। मृतकको शव पोस्टमार्टमका लागि स्थानीय गजेन्द्रनारायण सिंह अस्पताल पुर्‍याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# पुलको निर्माण कार्य सुरु

**टुडे समाचारदाता**

जलेश्वर । मटिहानी नगरपालिकाले कृषि क्षेत्रलाई टेवा पुग्नेगरी कृषि सडकमा पनि लगानी लगाउन सुरु गरेको छ।

कृषकले उत्पादन गरेको अन्न फसल खेतबाट घरसम्म ल्याउन प्रयोग गरिने सडकमा र खोलामा पुल निर्माण हुन लागेको छ।

सोही क्रममा मटिहानी नगरपालिका -३ स्थित कृषि सडक अन्तर्गत पर्ने झिझा खोलामा पुल निर्माण कार्य सुरुभएको नगरपालिकाले जनाएको छ।

मटिहानी नगरपालिकाको ३५ लाख रुपियाँको लागतमा सो खोलामा पुल निर्माण कार्य सुरु भएको ईन्जिनियर बिमलेश साहले बताए। निर्माण कार्य सुरु भएको सो पुलको लम्वाई आठ मिटर र चौडाई पाँच मिटर रहने ईन्जिनियर साहको भनाइ छ।

पुल निर्माणका लागि सोमबार नगरप्रमुख हरिप्रसाद मण्डलले एक कार्यक्रमबीच पुलको शिलान्यास गरेका हुन्। पुल निर्माण कार्य दुई महिनाभित्र सम्पन्न गर्ने लक्ष्यसाथ तिब्र गतिमा सुरु गरिने साहले जानकारी दिए।

झिझा खोलामा पुल अभावमा मटिहानी नगरपालिकाका सयभन्दा बढी किसानको खेतमा लगाइका फसल वर्षाकावेला घरसम्म ल्याउन कठिन हुँदै आएको छ। किसानको सोही कठीनाइको समाधानका लागि पुल निर्माणका लागि वजेट विनियोजन गरिएको नगर प्रमुख मण्डलले बताए। पुल निर्माण कार्य सुरु भएसँगै स्थानीय किसान खुशी भएका छन्।

'झिझा खोलामा पुल नहुँदा खोलावारी नै टायर गाडी र ट्र्याक्टर राखेर टाउकोमा बोकेर फसल सवारी साधनसम्म ल्याउने बाव्यता थियो, पुल समयमा निर्माण भएमा निकै सहज हुन्छ।'

# परीक्षा पुस्तिका जाँचनै नगरी विद्यार्थीलाई अंक

**रञ्जन यादब**

बलैया । जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रका विद्यालयहरु लथ्यालिङ्ग अवस्थामा रहेको देखिएको छ। शिक्षकहरुले विभिन्न परीक्षा पुस्तिका जाँचनै नगरी अंक दिएको पाइएको छ।

उपमहानगरपालिकाले गरेको छड्के अनुगमनमा शिक्षकहरुले विद्यार्थीको उत्तर पुस्तिका जाँचनै नगरेर नम्बर दिएको पाइएको शिक्षा महाशाखाका अधिकृत हरिष भट्टले जानकारी दिए।

नगर प्रमुख राजन पौडेलको नेतृत्वमा गरिएको सामुदायिक विद्यालयहरुको अनुगमनमा यस्तो पाइएको हो। वडा नं.९ स्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय छातापिपरा र वडा नं.५ स्थित श्री नेपाल राष्ट्रिय नमुना माध्यमिक विद्यालय,बकुलियाका शिक्षकहरुले कक्षा ८ को परीक्षाको उत्तरपुस्तिका चेक जाँचनै नगरी अंक दिइएको उपमहानगरपालिकाले जनाएको छ।



छातापिपरा विद्यालयमा उत्तर पुस्तिका जाँचनै नगरी शिक्षकहरुले विभिन्न विषयको उत्तरपुस्तिका दराजमा राखेको भेटिएको छ।

त्यस्तै,नमुना माध्यमिक विद्यालय,बकुलियाका शिक्षकहरुले उत्तर पुस्तिका कवाडिलाई विक्री गरेको पाइएको छ। उनीहरुले कवाडीसँग अनावश्यक समानहरु विक्री गर्ने क्रममा उत्तर पुस्तिका पनि गल्तीबस विक्री भएको बताएका छन्। उपमहानगरपालिकाको शिक्षा महाशाखाले ती विद्यालयका प्रधानाध्यापक सहित शिक्षकहरुलाई कारवाहीको प्रक्रिया अगाडि बढाउने जनाएको छ। अनुगमनको क्रममा वडा नं.८ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय गमरग्वाहाको मूल गेटमा ताल्चा लागेको पाइएको थियो।

# लालपुर्जा बाड्ने तयारी

**टुडे समाचारदाता**

कलैया । बारा जिल्लामा राष्ट्रिय भूमि आयोगले ५ हजार लालपुर्जा बाड्ने तयारी गरेको छ। आयोगको जिल्ला समितिले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई लालपुर्जा बाड्ने तयारी गरेको आयोगका जिल्ला अध्यक्ष छविलाल उप्रेतीले जानकारी दिएका छन्।



राष्ट्रिय भूमि आयोग जिल्ला समिति बाराले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन अगावै लालपुर्जा बाडिने जनाएको छ।

आयोगले जीतपुरसिमरा उपमहानगर अन्तर्गत पथलैया, डुमरवाना, चकरी, अम्लेखगञ्ज, रामवन लगायत कोहल्वीको केही क्षेत्रमा तत्काले पुर्जा बाड्ने गरी काम भइरहेको आयोगका जिल्ला अध्यक्ष उप्रेतीले बताए।

हालसम्म आयोगले जीतपुर सिमरा उपमहानगर, कोहल्वी र निजगढ नगरपालिकाको ३ सय बिगाहा ऐलानी पर्ती जग्गा नापी गरिसकेको छ। जिल्लाका १६ वटा स्थानीय तहमध्ये ७ वटा पालिकासँग सम्झौता गरेर आयोगले काम गरिरहेको जनाइएको छ।

# पुल भत्किँदा जोखिमपूर्ण यात्रा

सिरहा । सिरहाको भगवानपुर गाउँपालिका-५ लालपुरमा खोलामा आएको बाढीले पुल भत्किँदा स्थानीय बासिन्दा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्।

भदौको दोस्रो साता आएको लगातारको वर्षाले लालपुर खोलामा पानीको बहाव उच्च हुँदा जीर्ण अवस्थामा रहेको पुल भत्किँदा लालपुर, गरसहा, आभेनगर, चोचारटोल, लालपुर लगायतका बासिन्दालाई गाउँपालिका केन्द्र भगवानपुर बजार आउन जान समस्या भइरहेको छ।

पुल भत्केको ठाउँमा बिजुली बाल्ने तीन खम्बाको सहारा लिई जोखिम मोलेर बाटो वारपार स्थानीय गरिहेका छन भने सबभन्दा बढी प्रभावित हनुमानप्रसाद माध्यमिक विद्यालयमा पढने साना बालबालिका र स्थानीय वृद्धवृद्धालाई लच्कने खालको बिजुलीका खम्बामा यात्रा गर्न बढी समस्या भइरहेको छ।

भगवानपुर-५ लालपुरका नसिबलाल यादवका अनुसार साउनको सुरुमा नै पुलमा अलि चिरा परेको समयमा गाउँपालिकाले मर्मतमा ध्यान नदिँदा अहिले तीन हजार घरधुरी प्रभावित भएका छन्। पुल भत्किँदा गाउँमा एम्बुलेन्सलगायतका गाडी आउन सकिरहेका छैनन्। अहिले भगवतीपुरको घुमाउरो बाटो यात्रा गर्न बाध्य भएको स्थानीय सरोज कामैतले जानकारी दिए।

वडा नम्बर ५ का वडाध्यक्ष अमरलाल यादवले पुरानो जीर्ण पुल भएकाले पानीको बहाव उच्च भइ भत्किएको बताए। गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत शिवेन्द्र मण्डलले अहिलेसम्म पुल भत्केको ठाउँमा मर्मतका विषयमा कुनै छलफल नभए पनि तत्कालै मर्मतका लागि गाउँपालिका अध्यक्षसँग छलफल गरेर छिट्टै नै मर्मत गराइने जानकारी दिए।

# निःशुल्क डायलायसिस सेवा नरोक्न माग

चितवन । कलेज अफ मेडिकल साइन्सेजले निःशुल्क मिर्गौला डायलायसिस नगर्ने जनाएपछि बिरामी र तिनका आफन्तले सरोकारवाला निकायमा ध्यानाकर्षण गराएका छन्। सरकारले दिनुपर्ने रकम भुक्तानी नगरेको जनाउँदै कलेजले यही असोज १ गतेबाट निःशुल्क डायलायसिस रोक्ने भन्दै सूचना जारी गरेको छ।



मिर्गौलापीडित सरोकार समाज चितवनले जिल्ला प्रशासन कार्यालय चितवन, कलेज अफ मेडिकल साइन्सेज (पुरानो मेडिकल कलेज), भरतपुर महानगरपालिका र स्वास्थ्य कार्यालयमार्फत स्वास्थ्य मन्त्रालय नर्सिङ तथा स्वास्थ्य महाशाखा काठमाडौंमा ज्ञापनपत्र बुझाएको हो।

पुरानो मेडिकल कलेजमा डायलायसिस गराइरहेका पीडितहरूलाई कलेजले निःशुल्क सेवा दिन नसक्ने सूचना दिएपछि समाजले ज्ञापनपत्र बुझाएको हो। समाजका अध्यक्ष टुमराज गुरुङका अनुसार उक्त कलेजमा समाजमा आवद्ध ४७ जनाले निःशुल्क डायलायसिस गराउँदै आएका छन्।

कलेजलेविगत१४महिनादेखि मिर्गौला डायलायसिसवापतको रकम भुक्तानी प्राप्त नभएको कारण देखाउँदै निःशुल्क सेवा दिन नसक्ने जनाएको छ। कलेजका निर्देशक डा मनोहर प्रधानले डायलायसिसको मात्रै रु एक करोड ५० लाख भुक्तानी पाउन बाँकी रहेपछि धान्न नसकेर सेवा नियमित गर्न नसक्ने जानकारी गराएको बताउनुभयो।

सरकारको विपन्न नागरिक औषधोउपचार कार्यक्रमअन्तर्गत असार ३१ गते सम्झौता मिति समाप्त भइसकेपछि पनि मानवीय नाताले बिरामीलाई डायलायसिस सेवा दिँदै आएको अस्पताललले जनाएको छ। ठूलो रकम भुक्तानी बाँकी रहेकाले स्वास्थ्य बीमाका बिरामीलाई बीमाअन्तर्गत र बीमा नगराएकाको हकमा सःशुल्क सेवा दिन सकिने अस्पतालको सूचनामा जनाइएको छ। अस्पतालमा १२ वटा मेसिनले दैनिक तीन सिफ्टमा ३६ जनाको डायलायसिस गर्दै आएको छ।

प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले पीडितले निःशुल्क सेवा पाउनुपर्ने बताउनुभयो। उहाँले पुरानो मेडिकल कलेजलाई पत्र पठाएर सेवा नियमित गर्न निर्देशन दिएको जानकारी दिनुभयो। आफूले मन्त्रालयमा समेत यससम्बन्धी समन्वय गरिरहेको जनाउँदै पीडितले पाउँदै आएको सेवा रोक्न नमिल्ने बताउनुभयो। मन्त्रालयका सचिवसँग नै आफूले कुरा गरेको जनाउँदै उहाँले अस्पतालले पैसा पाउने र सेवा रोक्न नपाउने जानकारी दिनुभयो।रासस

# जापानिज इन्सेफ्लाइटिसको महामारीसँगै चितवनमा उच्च सावधानी

चितवन । जिल्लामा जापानिज इन्सेफ्लाइटिसको महामारी फैलिएपछि पालिका तहमा जनचेतना जगाउन थालिएको छ। जोखिम बढ्न नदिन विशेषज्ञ सावधानी अपनाइएको छ। हालसम्म नौ जनामा जापानिज इन्सिेफ्लाइटिसको सङ्क्रमण पुष्टि भइसकेको छ। बाइस शङ्कास्पद बिरामीको नमूना परीक्षण गर्दा नौ जनामा सङ्क्रमण पुष्टि भएको हो।

स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाईँका अनुसार जिल्लाको द्रुत प्रतिकार्य टोली (र्‍यापिड रेस्पोन्स टिम) लाई सक्रिय बनाइएको छ। स्वास्थ्य कार्यालयका प्रमुखको संयोजकत्वमा हुने यो टोलीमा भरतपुर अस्पताल, दुई मेडिकल कलेज, निजी अस्पताल, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि सदस्य हुने गर्दछन्। टोलीले जिल्लाका सबै पालिका र स्वास्थ्य कार्यालयमा महामारीमा आवश्यक पर्ने औषधिको मौज्दात (बफर स्टक) गर्ने निर्णय गरेर काम अघि बढाएको छ।

स्थानीय सातै तहमा रहेका द्रुत प्रतिकार्य टोलीलाई सक्रिय बनाइएको छ। कुनै पनि रोगको अप्रत्यासित वृद्धि भएको पाइएमा स्थानीय तहका द्रुत प्रतिकार्य टोलीलाई परिचालन गर्ने गरी तयारी अवस्थामा राख्ने निर्णय गरिएको छ। सो टोलीले थप आवश्यक परेमा जिल्लाको टोलीसँग समन्वय गरेर आवश्यक सहयोग लिने गरी व्यवस्था मिलाइएको छ।

जिल्लाको टोलीले मुख्य अस्पताल र स्थानीय तहका अस्पताललाई जापानिज इन्सेफ्लाइटिससहित महामारीजन्य रोगको शङ्का देखिएमा दैनिक रिपोर्टिङ गर्ने व्यवस्था मिलाइएको छ। चापागाईँका अनुसार विश्व स्वास्थ्य सङ्गठनका चिकित्सकसँग बसेर छलफल र तयारी गरिएको छ। उनीहरुसँगको छलफलमा कस्ता बिरामी निगरानीमा राख्ने भन्ने विषयमा पनि छलफल भएको छ। पालिकामा रहेका जापानिज इन्सेफ्लाइटिसका बिरामीको अवस्थाको बारेमा निरन्तर अनुगमन गर्न भनिएको छ।

विश्व स्वास्थ्य सङ्गठनका चिकित्सकले ती बिरामी र आफन्तलाई भेट गरी निरन्तररुपमा अवस्था बुझ्ने काम गरिरहेका छन्। जिल्लाको टोलीले मुख्य मुख्य अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट, मेडिकल विभाग प्रमुख, अस्पताल निर्देशकसँग छलफल गरेर प्राविधिक पक्षको जानकारी र तयारीका विषयमा छलफल गरेको छ।



पालिकाका स्वास्थ्य शाखा प्रमुखसँग जिल्लाको टोलीले छलफल गरेर तयार रहन भनिएको छ। रोग फैलिन नदिन अपनाउनुपर्ने सावधानीका बारेमा पालिकाले काम गरिरहेको उहाँ बताउनुहुन्छ। जिल्लाका पाँच पालिकामा एकै पटक नौ जनामा जापानिज इन्सेफ्लाइटिसको सङ्क्रमण पुष्टि भएको हो।

भरतपुर महानगरपालिकाका चार, माडी नगरपालिकाका दुई, राप्ती, रत्ननगर र कालिका नगरपालिकाका एक/एक जनामा सङ्क्रमण पुष्टि भएको छ। गत साउन २० गते पहिलोपटक भरतपुर र माडीमा सङ्क्रमण पुष्टि भएको थियो। गत साता एकै पटक सात जना थपिएपछि महामारीको अवस्था सिर्जना भएको हो। सङ्क्रमितमध्ये पाँच महिला र चार जना पुरुष रहेका छन्। उनीहरु २९ देखि ७५ वर्ष उमेर समूहका रहेका छन्। निश्चित समय र भूगोलमा अनपेक्षितरुपमा अनुमानभन्दा बढी जापानिज इन्सेफ्लाइटिस सङ्क्रमित देखिएमा त्यसलाई विश्व स्वास्थ्य सङ्गठनले महामारीको परिभाषामा राखेको चापागाईँले बताउनुभयो। जिल्लामा नौ जनामा प्रमाणित भएपछि समुदायमा दुई हजार सात सयमा सङ्क्रमण रहेको छ भन्ने अनुमान गर्न सकिने उहाँको भनाइ छ।

जापानिज इन्सेफ्लाइटिस सन् १९७८ मा नेपालको रुपन्देही जिल्लामा पहिलोपटक देखा परेको थियो। जिल्लामा शङ्कास्पद बिरामीको स्क्रिनिङ गरी नमूना परीक्षणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाडौं पठाइने गरिएको उहाँको भनाइ छ। चितवनमा सन् २०१८ मा एक जना, २०२० मा एक जना, २०२१ मा एक र हाल नौ जनामा यो रोगको सङ्क्रमण देखिएको थियो।

बेस्सरी टाउको दुख्ने, उच्च ज्वरो आउने, वान्ता हुने, बेहोस हुने, शरीर काम्ने, घाँटी अररो हुने जापानिज इन्सेफ्लाइटिसका लक्षण हुन्। जापानिज इन्सेफ्लाइटिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने कीटजन्य सरुवा रोग हो। यो लामखुट्टेले घोडा, सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपन्छीलाई टोकेपछि मानिसलाई टोक्यो भने सर्दछ तर मानिसबाट मानिसमा भने यो रोग सर्दैन।

जापानिज इन्सेफ्लाइटिसबाट बच्नका लागि लामुखट्टको टोकाइबाट बच्ने र लामखुट्टे नियन्त्रण गर्ने उद्देश्य उपाय हो। त्यसैगरी बालबालिकालाई यो रोगविरुद्ध खोप लगाउने, सँगुर, बङ्गुर, हाँस, घोडाजस्ता घरपालुवा जनावर व्यवस्थित ढङ्गले पाल्ने, पशुपन्छीको खोर घरभन्दा टाढा राख्ने र सम्भव भएसम्म घरको झ्याल ढोकामा मसिनोजाली हाल्ने गर्नुपर्छ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कंर्कट | : धन बृद्धि सञ्चय। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : पारिवाहिक सुख। |
| वृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : वाद विवादबाट बच्नु। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजंगल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष २५ •अंक ११६ • २०७९ साल भाद्र २८ गते मंगलबार (13 September, Tuesday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-


# सिट बाँडफाँटमा सकस कायमै

**टुडे समाचारदाता**

काठमाण्डु । पाँच दलीय गठबन्धनले बनाएको कार्यदललाई सिट बाँडफाँटमा सकस कायमै रहेको छ। पटक-पटक बसेको बैठक निष्कर्ष विहीन सम्पन्न हुने क्रम सोमबार पनि जारी रह्यो। पछिल्ला दिनमा नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरू पनि सिट बाँडफाँटको छलफलमा व्यस्त रहेका छन्।

शीर्ष नेतृत्वलाई कृष्णप्रसाद सिटौला नेतृत्वको ११ सदस्यीय कार्यदलले पनि सहयोग गरिरहेको छ । सिट बाँडफाँटबारे प्रतिवेदन बुझाएको कार्यदलका सदस्यलाई साथमा राखेर गरिएको छलफलले पनि सार्थकता पाउन सकेको छैन । तर असोज २ गते अगाडि कुनै हालतमा सिट संख्या टुङ्ग्याउने गठबन्धनको तयारी छ । समानुपातिक उम्मेदवारको सूची बुझाउन दिन नजिकिए पनि गठबन्धनभित्र प्रतिनिधिसभाको सिट संख्यामै सहमति जुटेको छैन । तर निर्वाचन आयोगले आइतबार समानुपातिकतर्फको चुनावमा भाग लिन चाहने दलहरूलाई असोज २ र ३ गते भित्र बन्द सूची पेस गर्न भनेको छ। बन्द सूची सच्याउने म्याद भने आगामी असोज १६ गतेसम्म तोकेको छ।

प्रत्यक्षतर्फका सिटमा भागबन्डा नटुङ्गिँदा समानुपातिक उम्मेदवार छनोट गर्न गठबन्धनमा अन्योल छ । प्रत्यक्षमा वञ्चित हुने नेतालाई समानुपातिकमा राखेर व्यवस्थापन गर्नुपर्ने हुँदा अबको एक-दुई दिनभित्रै सिट बाँडफाँट टुङ्ग्याउनुपर्ने बाध्यता पाँच दलीय गठबन्धनका दलहरूमाथि छ। दलहरू आ-आफ्नो दाबी त्याग्न तयार नभएको अवस्था छ । कांग्रेसले १००, माओवादीले ६०, एकीकृत समाजवादीले ४०, जसपाले ३२ र जनमोर्चाले २ सिटमा दाबी राखेको छ।

> **पाँच दलको प्रारम्भिक दाबी जोड्दा २३४ पुगे पनि १६५ सिटमा कांग्रेसको ८५-९०, माओवादीको ४०-४५, एकीकृत समाजवादी र जसपाको १२-१५ को वरिपरि सिट बाँडफाँट हुने देखिन्छ। तर माओवादी केन्द्रले ०७४ को आम निर्वाचनमा जितेको सिट सोही दलले पाउने गरी एमालेले जितेका सिटमा ६०/४० को भागबन्डा मिलाउन प्रस्ताव राखेको छ।**

पाँच दलको प्रारम्भिक दाबी जोड्दा २३४ पुगे पनि १६५ सिटमा कांग्रेसको ८५-९०, माओवादीको ४०-४५, एकीकृत समाजवादी र जसपाको १२-१५ को वरिपरि सिट बाँडफाँट हुने देखिन्छ। तर माओवादी केन्द्रले ०७४ को आम निर्वाचनमा जितेको सिट सोही दलले पाउने गरी एमालेले जितेका सिटमा ६०/४० को भागबन्डा मिलाउन प्रस्ताव राखेको छ।

०७४ मा प्रत्यक्षतर्फ कांग्रेसका २३, माओवादीका ३६, एकीकृत समाजवादीका १३, जसपाका १० र जनमोर्चाका एक गरी ८३ सिट छ। गठबन्धन बाहिरका ८२ सिटमा ६० प्रतिशतले गर्दा ७२ सिटमात्रै कांग्रेसले पाउने देखिन्छ।

माओवादीको प्रस्ताव अनुसार मोडालिटीले अन्तिमरुप पाउँदा बाँकी ९३ सिट चार दलको भागमा पर्ने अवस्था हुन्छ। यसमा माओवादी, एकीकृत समाजवादी, जसपा र जनमोर्चा एकमत जस्तै छन्। तर कांग्रेसले माओवादीको प्रस्तावभन्दा ठिक उल्टो अडान राखेको छ।

९० सिटको वरिपरि आफूले उम्मेदवारी दिएर बाँकी चार दललाई ७५ आसपासमा सीमित राख्ने कांग्रेसको दाउ छ। दलहरूका आ आफ्नै दाउपेचका बीच ७० प्रतिशत सिट संख्यामा सहमति जुटिसकेको एकीकृत समाजवादीका नेता झलनाथ खनालले दाबी गरे।

उनले भने , 'प्रतिनिधिसभाको १६५ सिटमा करिब ७० प्रतिशत कुरा मिलेको छ । बाँकी ३० प्रतिशतमा मंगलबार टुङ्ग्याउने सहमति भएको छ।'

उनका अनुसार त्रिपक्षीय दाबी भएका केही ठाउँहरूमा पनि सहमति जुटेको छ । बाँकी ठाउँमा सहमति जुटाउन मंगलबार बिहान पुनः बैठक बस्ने छ । तर जसपाका अध्यक्ष उपेन्द्र यादवले भने कुनै पनि सहमति नभएको बताए। '८ घण्टा छलफल भयो । केही भएन । कुनै सहमति जुट्न सकेन । अवस्था जस्ताको त्यस्तै छ,' उनले भने । यता सञ्चारमन्त्री तथा कांग्रेस नेता ज्ञानेन्द्र कार्कीले गठबन्धनमा सिट बाँडफाँटमा सबै दल लचिलो हुनुको विकल्प नभएको बताए। शीर्ष नेतासहित कार्यदलका सदस्य सम्मिलित छलफल सकारात्मक भए पनि ठोस सहमति नजुटेको कार्कीको भनाइ छ। 'छलफल सकारात्मक छ । सबै लचिलो हुनुको विकल्प छैन,' कार्यदलका सदस्य समेत रहेका कार्की भने।

छलफलमा पाँच दलबाट आएको अडानमाथि सूक्ष्म ढंगले विश्लेषण भइरहेको उनले बताए। 'दलहरुको आ-आफ्नो अडान छ। ती अडानमा हामी सूक्ष्म ढंगले विश्लेषण गर्दै अगाडि बढिरहेका छौं । एकै सिटमा एकभन्दा बढी दलले दाबी गरेको अवस्था छ तर एक क्षेत्रमा गठबन्धनबाट एक जना मात्रै उम्मेदवार बनाउन जरुरी छ,' उनले भने। त्रिपक्षीय दाबी भएका सिट गठबन्धनबाट एउटा उम्मेदवार बनाउने दुई पक्षीय र त्रिपक्षीय वार्ता भइरहेको उनको भनाइ छ।


## आवश्यकता

WE ARE HIRING !

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटल का लागि देहाय बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक तथा योग्य व्यक्तिहरुले सात दिन भित्रमा आवेदन दिनहुन अनुरोध गरिन्छ ।

| | पद | संख्या | कैफियत |
|---|---|---|---|
| (i) | BMLT | केही | |
| (ii) | CMLT | केही | |
| (iii) | MLAT | केही | |
| (iv) | Cash Counter | केही | (सम्बन्धित काममा २ वर्षको अनुभव तथा कम्प्यूटर सम्बन्धि ज्ञान भएको) |
| (v) | OT assistant | केही | (सम्बन्धि क्षेत्रमा दक्ष भएको) |

**अनुभव**:- सम्बन्धित क्षेत्रमा कम्तीमा दुई वर्ष काम गरेको
**सेवा सुविधा**:- आपसी सम्झौता अनुसार

**कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर हस्पिटल**
जनकपुरधाम-९ ब्रम्हपुरी
**सम्पर्क नं.** ९८०१६६६५२१, ९८०१६६६५१९,०४१-५९१०९२
Email ID:- kmtrcjnk@gmail.com





# 'अर्थतन्त्रका सूचकलाई बलियो बनाउनुपर्छ'




काठमाण्डु । सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हाले देश विकासका लागि अर्थतन्त्रका साना-साना सूचकलाई बलियो बनाउँदै जानुपर्ने बताउनुभएको छ।

नेपाल बार एशोसिएशन र नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले आर्थिक पत्रकारलाई दिएको साताव्यापी व्यावसायिक कानूनसम्बन्धी तालिमको समापनमा उहाँले नेपालले खुला अर्थतन्त्रको नीति अवलम्बन गरेको स्मरण गराउँदै देशलाई दिगो विकासमा लैजान अर्थतन्त्रलाई थप चलायमान बनाउनुपर्ने धारणा राख्नुभयो।

अर्थतन्त्रका स-साना विषयले देश, समाज विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले यस विषयमा सबै सचेत हुनुपर्ने आवश्यकता न्यायाधीश सिन्हाले औँल्याउनुभयो । अर्थतन्त्रमा हरेक शब्द-शब्दको गहिरो अर्थ हुने गरेको उल्लेख गर्नुहुँदै त्यसको अर्थ बुझ्न सकिएन भने अर्थको अनर्थ लाग्ने उहाँले बताउनुभयो।

कार्यक्रममा एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेले कानुन व्यवसायी वकालत गरेर पैसा कमाउने मात्र नभई समाजको अभियानकर्मी पनि भएको बताउनुभयो। "कानुन व्यवसायी भनेको अभियानकर्मी पनि हो, व्यवसायीले पैसा कमाउने ध्येयमात्रै राखेको पनि हुँदैन", उहाँले भन्नुभयो, "उनीहरूको समाजप्रतिको दायित्व पनि हुन्छ।"

कार्यक्रममा एशोसिएशनका महासचिव अन्जिता खनालले आगामी दिनमा पनि सेजनसँगको सहकार्यमा यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो।

"आठदिने तालिम पूर्ण होइन, यो कार्यक्रमले सञ्चारकर्मीहरू विषयमा विज्ञ बन्नुहुन्छ भन्ने होइन", उहाँले भन्नुभयो, "यस्ता तालिमले सञ्चारकर्मीले उठाउने विषय कानुनीरूपमा कसरी जोडिन्छन् भन्ने जानकारी लिन केही सहयोग भएको छ।"

कार्यक्रममा सेजनका अध्यक्ष जनार्दन बरालले सेजन र बारले आगामी दिनमा पनि क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो। आठ दिने तालिममा बैंक तथा वित्तीय कानुन, विदेशी लगानी, अन्तरर्राष्ट्रिय व्यापार, बीमा, वित्तीय कारोबार तथा करार, कर, बौद्धिक सम्पत्ति, आमसञ्चारसम्बन्धी कानुन, सार्वजनिक खरिद कानुन, कर्पोरेट, धितोपत्र बजारसँग सम्बन्धित ऐनका बारेमा विभिन्न कानुन व्यवसायीले प्रशिक्षण दिनुभएको थियो।

तालिममा वरिष्ठ अधिवक्ता मेघराज पोखरेल, सविता भण्डारी बराल, डा गान्धी पण्डित, मातृका निरौला, शिवप्रसाद रिजाल तथा अधिवक्ता अमरजिवी घिमिरे, सज्जनबरसिंह थापा, भरतकुमार लकाई, राजकुमार सुवाल, सन्तोष तिवारी, सेमन्त दाहाल, दीपक घिमिरे, धितोपत्र बोर्डका कामु कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ र प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले तालिम दिनुभएको थियो।रासस

# गुणस्तरीय जीवनयापनका लागि जनताको क्रयशक्ति बढाउनुपर्छ : मन्त्री भुसाल

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले गुणस्तरीय जीवनयापनका लागि जनताको क्रयशक्ति बढाउनुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले सोमबार आयोजना गरेको मानव विकास प्रतिवेदन सार्वजनिक कार्यक्रममा उहाँले त्यसका लागि देशको अर्थतन्त्र सबल हुनुपर्नेमा जोड दिनुभयो । उहाँले सबल अर्थतन्त्रको निर्माणका लागि नेपालको प्रमुख आधार कृषि, पर्यटन र ऊर्जा भएको जनाउँदै देश विकासका लागि जलस्रोतलगायतका प्राकृतिक स्रोतको उचित प्रयोग गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

'पहिले विद्युत् उज्यालोका लागि, अबको विद्युत् उज्वल भविष्यका लागि' भन्ने मान्यताका साथ सरकारले औद्योगिकीकरण, यातायात सञ्चालन, सिँचाइमार्फत कृषि विकास, लिफ्टमार्फत खानेपानी र सिँचाइका साथै विद्युतीय सामग्रीको प्रयोग गरी उज्यालो भविष्यका लागि ऊर्जाको प्रयोग गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "ऊर्जाको आन्तरिक खपत बढाउनुका साथै खपत नहुने ऊर्जा निर्यात गरेर भए पनि आर्थिक विकास गर्न जरुरी छ, जलस्रोत र ऊर्जाको दिगो विकासमार्फत आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै समृद्ध नेपाल निर्माणका लागि सबैले आ-आफ्नो क्षेत्रबाट योगदान दिन आवश्यक छ।"

मन्त्री भुसालले देशमा उत्पादन हुने विद्युत् पूर्णरुपमा नवीकरणीय स्वच्छ ऊर्जा भएको र हाल देशको करिब ९५ प्रतिशत जनतामा विद्युत् पहुँच पुगेको बताउनुभयो। "यस अर्थमा हामीले ९५ प्रतिशत जनतामा नवीकरणीय ऊर्जाको पहुँच पुगेको मान्न सकिन्छ", उहाँले भन्नुभयो, "आगामी दुई वर्षभित्र सबै नेपाली जनतामा भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पुग्ने गरी योजना बनाई कार्यान्वयन भइरहेको छ।"

सरकारले मासिक २० युनिटसम्म विद्युत् खपत गर्ने विपन्न नागरिकलाई निःशुल्क विद्युत् सेवा दिने र निःशुल्क मिटर जडान गर्ने व्यवस्था मिलाएको उहाँको भनाइ थियो । विद्युत् आधारभूत आवश्यकताको साथै उत्पादनको साधन हो भन्ने मान्यताका साथ महसुल पुनरावलोकन गरी सिँचाइमा प्रयोग हुने विद्युत्मा ७५ प्रतिशतसम्म सहुलियत दिनुका साथै गार्हस्थ्य तथा औद्योगिक समूहको समेत महसुल कम गरिएको उहाँको भनाइ थियो।

हाल नेपालको कूल विद्युत् जडित क्षमता करिब दुई सय मेगावाट पुगेको छ । विद्युत्को माग एक हजार आठ सय मेगावाटको हाराहारीमा रहेको छ। उत्पादित विद्युत् स्वदेशमै खपत हुन नसकेमा सरकारले निर्यात गर्ने नीति लिएको छ। सोअनुरूप वर्षाको समयमा बढी हुने तीन सय ६४ मेगावाट विद्युत् मित्रराष्ट्र भारतमा निर्यात भइरहेको छ।

नेपाल विद्युत् प्राधिकरणले गत आर्थिक वर्षमा भारतमा रु तीन अर्ब ८४ करोडको विद्युत् निर्यात गरेको थियो भने चालु आर्थिक वर्षको साउन महिनामा रु एक अर्ब ८४ करोडको विद्युत् निर्यात गरिसकेको मन्त्री भुसालले जानकारी दिनुभयो। यस आर्थिक वर्षको अन्त्यसम्म करिब रु १६ अर्ब को विद्युत् निर्यात हुने प्रक्षेपण गरिएको उहाँले बताउनुभयो।

सरकारले विद्युत् खपत कार्ययोजना बनाई कार्यान्वयन गरिरहेको छ । त्यसका कारण यस वर्ष आन्तरिक विद्युत्को खपत करिब २० प्रतिशतले बढेको छ । हाल प्रतिव्यक्ति वार्षिक विद्युत् खपत तीन सय ५१ युनिट रहेकामा आगामी दिनमा उल्लेख्य मात्रामा वृद्धि गरिने योजना सरकारको छ। सरकारले एलपी ग्यासलाई क्रमिकरुपमा विद्युतीय चुलोमार्फत प्रतिस्थापन गर्न 'विदेशी ग्यास छोडौँ, स्वदेशी विद्युत् जोडौँ' भन्ने अभियान सुरु गरिसकेको छ । सरकारले नवीकरणीय ऊर्जा प्रविधिद्वारा गरीने विद्युतीकरणका कार्यक्रम स्थानीय तह र सम्बन्धित उपभोक्तासँगको समन्वय र साझेदारीमा गर्दै आएको छ । मन्त्री भुसालले विश्वको पर्यावरणीय सुरक्षा र मानव समुदायको विकासका लागि मिलेर अगाडि बढ्न सबैमा अपिल गर्नुभयो । युएनडिपीले 'अनिश्चित समय, अस्थिर जीवन : परिवर्तित विश्वमा हाम्रो भविष्य' शीर्षकमा यस वर्षको मानव विकास प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदनमा विशेष गरी शिक्षा, स्वास्थ्य, औसत आयु, प्रतिव्यक्ति आयजस्ता विषयलाई केन्द्रमा राखिएको छ।

मन्त्री भुसालले प्राकृतिक सुन्दरता र स्रोत साधनले भरिपूर्ण देश नेपालले मानव विकास सूचकाङ्कमा अझै प्रगति गर्नुपर्नेमा जोड दिनुभयो । कोभिड-१९ महामारी, विभिन्न प्राकृतिक विपत्ति, पछिल्लो समय विश्वमा देखा परेका अस्थिर घटनाक्रमका बाबजुद पनि नेपालले मानव विकास सूचकाङ्क स्थिर कायम राख्न सफल भएको मन्त्री भुसालको जिकिर छ।

प्रतिवेदनअनुसार कोभिड-१९ महामारीले निम्त्याएको निरन्तरको उथलपुथलका बाबजुद नेपालमा नवविकास सूचकाङ्कमा सन् २०२० भन्दा एक स्थान माथि उक्लिदै १४३ औँ स्थानमा पुग्न सफल भए पनि लैङ्गिक असमानताको सूचकाङ्कमा भने केही तल झरेको छ । नेपालमा नवविकास सूचकाङ्कमा सन् २०२० मा १४४ औँ स्थानमा थियो । कोभिड-१९ र युक्रेनमा भइरहेको युद्धजस्ता सङ्कटबाट प्रगति अवरुद्ध हुँदा विश्वका हरेक १० मध्ये नौ देश मानव विकासमा पछि पर्न गएको छ।

त्यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले जलविद्युत् आयोजनासँग जोडिएका प्राविधिक, वित्तीय, पर्यावरणीय, प्राकृतिक प्रकोपलगायतका जोखिमको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने बताउनुभएको छ।

नेपाल हाइड्रोपावर एसोसिएसन र इन्टरनेसनल हाइड्रोपावर एसोसिएनले आयोजना गरेको अन्तरर्राष्ट्रिय सम्मेलनको सोमबार उद्घाटन गर्दै उहाँले जलविद्युत् आयोजनाको दिगो विकासका लागि भरपर्दो र बलियो संरचना निर्माण गर्न, वातावरणलाई न्यून असर गर्दै प्रभावित समुदायको जीवनस्तरलाई गुणस्तरीय बनाउन सरकार लागिपरेको बताउनुभयो। मन्त्रीभुसालले जनताको गुणस्तरीय जीवनका लागि आवश्यक कानून, निर्देशिका र मापदण्ड तयार गरी लागू गरेको स्पष्ट पार्नुभयो।

मन्त्री भुसालले भन्नुभयो, "हरित ऊर्जा, विशेषगरी जलविद्युत् र नवीकरणीय ऊर्जाको दिगो विकासका लागि अन्तर्राष्ट्रिय अनुभव र अभ्यास, नयाँ प्रविधिको विकाससमेतलाई ध्यानमा राख्दै अख्तियार गर्नुपर्ने कदमबारे छलफल गर्न महत्वपूर्ण मञ्चका रूपमा काम गर्नेछ भन्ने विश्वास लिएको छु।"

जलवायु परिवर्तनका कारण विश्वका धेरै राष्ट्रसँगै हामीले अप्रत्यासित बाढी पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोप, जैविक विविधतामा ह्रासलगायतका असर भोग्नुपरिरहेको यस समयमा दिगोरुपमा जलविद्युत् आयोजनाको विकास, व्यवस्थापन र उपयोग गर्ने विषय अत्यन्त सान्दर्भिक रहेको मन्त्री भुसालको भनाइ छ।

दिगो विकास विश्वव्यापीरुपमा समृद्धिको सिर्जना, वितरण र दिगोपना हासिल गर्नेतर्फ जोडिएको कार्यसूची पनि हो । दिगो विकासको लक्ष्य मुलुककै प्रतिबद्धता भएको मन्त्री भुसालको भनाइ छ । किफायति, विश्वसनीय, भरपर्दो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने राष्ट्रिय लक्ष्य प्राप्त गर्न पनि जलविद्युत् आयोजनाको दिगोरुपमा विकास गरिनुपर्ने आवश्यकतामा मन्त्री भुसालले जोड दिनुभयो।

नेपालमा उपलब्ध प्रचुर जलस्रोतको विकासबाट देशभित्रको नवीकरणीय ऊर्जाको बढ्दो माग पूरा गर्दै बढी भएको स्वच्छ ऊर्जा छिमेकी मुलुकसम्म पुऱ्याउनसक्ने उहाँको भनाइ छ।

पेरिस सम्झौता र एजेन्डाअनुरूप, हामीले कम-कार्बन र जलवायु-उत्थानशील वृद्धि सुनिश्चित गर्न जीवाश्म (फोसिल) इन्धनमा हाम्रो परनिर्भरता कम गर्न आवश्यक रहेको मन्त्री भुसालको भनाइ छ।

नवीकरणीय र दिगो ऊर्जाका स्रोतको समुचित विकास, व्यवस्थापन र उपयोग गर्दै जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्नेतर्फ हाम्रा प्रयास केन्द्रित हुनुपर्दछ भन्ने कुरामा सरकार स्पष्ट रहेकामा उहाँले जोड दिनुभयो । सन् २०३० भित्रै दिगो विकासका लक्ष्य प्राप्त गर्ने, सन् २०२६ सम्ममा मध्यम आय भएको मुलुकमा पुग्ने राष्ट्रिय लक्ष्य प्राप्त गर्न एवं सबल अर्थतन्त्रको विकास गर्न कृषि, पर्यटन, औद्योगिक क्षेत्रसहित जलविद्युत् आयोजनाको तिव्रतर विकास हुनु आवश्यक रहेको उहाँको भनाइ छ।रासस


## सार्वजनिक सूचना

यस नेपाल पोल्स इ. प्रा. लि. द्वारा उत्पादित उच्च गुणस्तर NEA standard का विद्युतिय पोल तथा कण्डकटर तपसिल बमोजिम मूल्य सुची कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गरऊँदछौ। (An ISO 9001:2015 Certified Company)

**Nepal Poles Industries Pvt. Ltd.**

**NEA Standard PSC Pole & ACSR Conductor Rate**

**Price List for FY 2079/080**

| S.N. | Size | Rate Thin | Rate Thick |
|---|---|---|---|
| 1 | 9 Mtr | 7500 | 8000 |
| 2 | 11 Mtr | - | 15500 |
| | | | |
| 1 | Weasel ACSR Conductor | Rate/KM | 50000 |
| 2 | Rabbit ACSR Conductor | Rate/KM | 85000 |

**Nepal Poles Industries Pvt. Ltd.**
Factory: Sapahi & Office: Mujeliya, Janakpur
Email: sales.bnmahtogroup@gmail.com
Website: www.bnmahtogroup.com

Above Price are Excluding of 13% VAT, Ex-Factory, Sapahi, Dhanusha

Call/Whatsapp: 9801622233 / 9801622254


# सङ्घीय शिक्षा ऐन आएपछि शिक्षक दरबन्दीका समस्या समाधान हुने

काठमाण्डु। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले सङ्घीय शिक्षा ऐन जारी हुने क्रममा रहेकाले ऐन आएसँगै शिक्षक दरबन्दी व्यवस्थापनलगायतका सवाल सम्बोधन हुने बताउनुभएको छ।

मधेश प्रदेशको 'शिक्षा र बालश्रम' विषयमा सिकाइ आदानप्रदानका लागि शिक्षा पत्रकार समाज र आसमान नेपालले सोमबार आयोजना गरेको राष्ट्रियस्तरको कार्यक्रममा सचिव सुवेदीले उक्त ऐन नआउँदा पनि शिक्षाका काम गर्नमा गम्भीर बाधा नभएको तर नयाँ ऐन आएपछि तीन तहका सरकारबीचको शैक्षिक अधिकार र दायित्व थप स्पष्ट हुने जनाउनुभएको हो।

तराई मधेसमा बालिकाको शिक्षाको अवस्था झन कमजोर रहेकाले आफू प्रदेश सरकारको प्रमुख सचिव रहेका समयमा 'बेटी बचाऊ, बेटी पढाऊ' कार्यक्रम र छोरी बीमाको रकम रु तीन लाख दिने गरी प्रबन्ध गरिएको स्मरण गराउनुभयो।

बालश्रम र बाल विवाह अन्त्यका लागि बीमाको कार्यक्रम प्रभावकारी हुनुपर्ने बताउँदै उहाँले सरकार स्रोत साधनले भ्याएसम्म खुला र सकारात्मक सोचका लागि शिक्षामा सुधारका लागि प्रयत्नशील रहेको र यसमा सम्बन्धित सबै पक्षको उत्तिकै सहयोग आवश्यक भएको बताउनुभयो।

कार्यक्रममा भारतस्थित एमभी फाउण्डेशनका राष्ट्रिय संयोजक आर बैंकट रेड्डीले भारतमा बालश्रम अन्त्यका लागि भएका प्रयास र उपलब्धिबारे अवगत गराउँदै विद्यालय बाहिर रहेका बालबालिका बालश्रमिक हुने भएकाले यस भाष्यलाई विश्वभर फैलाउन आवश्यक रहेको बताउनुभयो।

पछिल्लो आँकडाअनुसार मधेस प्रदेशको साक्षरता दर ४९ दशमलव ५४ प्रतिशत रहेको छ । मधेस प्रदेशका आठवटै जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) साक्षर घोषणा हुन सकेका छैनन्।

यस प्रदेशमा सबैभन्दा कमजोर रौतहटमा ४१ दशमलव ६९ प्रतिशत र प्रदेशमा बढी साक्षर भएको जिल्ला पर्सामा ७६ दशमलव ९८ प्रतिशत साक्षरता दर रहेको छ। यस प्रदेशमा विद्यार्थी भर्नादर ५३ दशमलव तीन रहेको छ।रासस


## RAJARSHI JANAK UNIVERSITY
## UNIVERSITY CAMPUS
**Janakpurdham, Dhanusha**

## ADMISSION OPEN FOR ACADEMIC SESSION 2079 (2022)

| Programme | No. of Seats | Admission Requirement/Eligibility |
|---|---|---|
| Masters in Business Adminsitration (MBA) | 20 | Bachelor level in any stream passed with minimum 40 percent marks or D+ in each subjects. |
| Bachelor in Computer Application (BCA) | 30 | +2 Level or Equivalent degree pass in any stream with Minimum score of second division marks obtained or minimum D+ Grade in each subjects. |
| Bachelor of Business Administration | 30 | +2 Level or Equivalent degree pass in management or science or Math/Economics in Humanities Stream with minimum score of second division marks or CGPA 2.0 having grade C in each subjects. |
| Bachelor of Science, Computer Science & Technology (B.Sc. CSIT) | 20 | Intermediate/PCL in science Stream (physics, chemistry, Mathematics) Passed with second division or with minimum C grade in each subjects with CGPA 2.0. |
| Bachelor of Arts Bachelor of Law (BALLB) | 40 | +2 Level or Equivalent degree pass in any stream with Minimum 45 percent marks obtained or minimum D+ Grade in each subjects. |

**Note:** All Required documents must be submitted with application form and applicant must be passed form recognize institution.

**Details:**

- **Admission Form distribution and submission:** 26th Bhadra to 31st Ashoj 2079.
- **Firm submission with Late Fee:** Rs 500 extra. 1st Kartik to 15th kartik 2079.
- **Entrance Examination:** Last week of Kartik 2079.
- **20% scholarship Distribution:** After admission based on number of students.
- Admission form can be obtained from University Campus, Janakpurdham, after depositing Rs.1500 for MBA And Rs. 1000/- for BBA, BCA, B.Sc.CSIT & BALLB each form in University Campus, A/C no. 0260011792616 of Mega Bank Nepal Ltd. Janakpurdham Branch.
- **Contact No:** 9851274037, 041-590331


## भगवानपुर गाउँपालिका
### गाउँ कार्यापालिकाको कार्यालय
**भगवानपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## क्याटलग ब्रोसर सपिङ्ग विधिबाट मोटरसाईकल खरिद सम्बन्धि सिलबन्दी प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रकाशित मिति २०७९/०५/२८**

यस कार्यालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको मोटरसाईकल, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३ को दफा ८ को उपदफा १ क (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१ (ख) बमोजिम, त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सोको नेपालको लागि आधिकारीक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा को माध्यम द्वारा क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारीक स्पेसिफिकेशन (क्याटलग वा ब्रोसर) गुणस्तर र कम्पनीको आधिकारीक रहेको खुल्ने कागजात संलग्न राखी तपसिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा अधिकारी बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सवारी साधनको स्वीकृत, विस्तृत प्राबिधिक स्पेसिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ। कार्यालयबाट स्वीकृत स्पेसिफिकेशनको Offered Specification Column मा आफ्नो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरु थप विवरण अनिवार्य भरेर सही छाप गरि सिलबन्दी साथ पेश गर्नु पर्नेछ।
२. उक्त कागजात लिनका लागि इच्छुक उत्पादक कम्पनी वा सोको नेपालको लागि आधिकारीक बिक्रेताले उक्त मोटरसाईकल बिक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सोको अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बार (PAN) तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ सम्मको करचुक्ता गरेको प्रमाणित कागजात, उक्त सावरी साधन सप्लाई गरेका हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्यअनुभव प्रमाणपत्र सहित कागजात लिई यस कार्यालयमा उपस्थित हुनुपर्नेछ। साथै नेपालको आधिकारी बिक्रेताको हकमा उत्पादक कम्पनीको Authorization पत्र (Manufacturer Authorization Letter) तथा माटरसाईकलको अधिकतम बिक्रि मूल्य (MRP) खुलेको कागजात अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
३. यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन १५:३० बजे सम्म यस कार्यालयमा छुट्टाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिनेछ। दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिनको १६:०० बजे खोलिनेछ।
४. सुचिकृत नभएका उत्पादक वा आधिकारीक बिक्रेता कम्पनीहरुले सुचीकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।
५. पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिनेछ।

| क्र.सं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाईकल | Air cooled four stroke gasolina system engine with engine displacement of range 150±(5)cc developing power and torque not less than 12 ps and 12 Nm respectively at the governed RPM. Fuel Injection type of fuel delivery system | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिम हुनेछ। |

**प्रमुख प्रशासकिय अधिकृत**

# आइएसको आक्रमणबाट छ जनाको मृत्यु

**सिन्ह्वा**

दमासकस । सिरियाको हासकाह प्रान्तमा आइएसको आक्रमणमा परी कम्तीमा पनि छ जना नागरिकको ज्यान गएको छ । यहाँको हासकाह प्रान्तमा आइतबार सडकमा सवारी साधनमा रहेका नागरिकमाथि हमला गरेर ती व्यक्तिको ज्यान लिएका हुन् ।

आइएसका आतङ्ककारीहरूले सडकमा रहेका नागरिकलाई एम्बुसमा पारेर हत्या गरेका हुन् । मारिएका व्यक्ति को हुन् भन्ने बारेमा भने आफ्नै खुलेको छैन ।

पछिल्लो समयमा आइएस आतङ्ककारीहरूले सडकमै एम्बुस थापेर व्यक्ति हत्या गर्ने गरेका छन्।यहाँकाअधिकारीहरूलेदिएको जानकारीअनुसार आइएसहरूले सन् २०२२ शुरुबाट हालसम्म एक सय ३० वटा एम्बुस आक्रमण गरेका थिए ।

ती आक्रमणहरूमा परेर एक सयभन्दा बढी सर्वसाधारण मारिएका छन् । ती व्यक्तिमध्ये सर्वसाधारण पनि परेका छन् ।

# वैदेशिक रोजगारीमा जाने बढेपछि श्रीलङ्कामा रेमिटेन्स बढ्यो

**सिन्ह्वा**

कोलम्बा । श्रीलङ्काली श्रम तथा वैदेशिक रोजगारसम्बन्धी मन्त्री मानुषा नानायक्काराले विदेशिएका श्रीलङ्कालीहरूबाट गएका श्रीलङ्कालीबाट प्राप्त भएको रेमिटेन्स रकम पछिल्ला दिनमा बढ्दो रहेको भन्दै यसबाट वैदेशिक मुद्राको खाँचो परेको देशमा सहज भएको बताउनुभयो ।



प्राप्त रेमिटेन्सले आर्थिक सङ्कटमा परेको देशमा राहात मिलेको बताउनुभएको छ ।

उहाँले उनीहरूबाट पठाइएको रेमिटेन्स रकम अगष्ट महिनासम्ममा ३२ करोड ५० लाख अमेरिकी डलर पुगेको पनि जानकरी दिनुभएको प्राप्त समाचारमा जनाइएको छ ।

उहाँले वैदेशिक रोजगारीमा उहाँले गत जुलाई महिनाको तुलनामा अगष्ट महिनामा रेमिटेन्स रकम १४.६ प्रतिशतले बढेको पाइएको जानकारी दिनुभएको हो ।

उहाँले रेमिटेन्स रकम पठाउने व्यक्तिहरूलाई विशेष धन्यवाद दिनुभएको छ । देश आर्थिक सङ्कटमा परेका बेला विदेश पुगेका नागरिकहरूबाट प्राप्त रेमिटेन्स रकमका लागि विशेष धन्यवाद छ- मन्त्री नानकायराले भन्नुभएको छ । गएको वर्षदेखि आर्थिक सङ्कटमा फसेको दक्षिण एसियाली मुलुक श्रीलंकामा वैदेशिक रोजगारीका लागि देश छोडेर जानेहरूको संख्या बढ्दै गएको पाइएको छ । यस वर्षमात्र यहाँका दुई लाखभन्दा बढी व्यक्तिले वैदेशिक रोजगारीका लागि विदेशिएका पाइएको बताइएको छ । श्रीलंकाका श्रम तथा वैदेशिक रोजगारसम्बन्धी मन्त्री नानायक्काराले सो कुराको जानकरी दिनुभएको प्राप्त समाचारमा जनाइएको छ ।

उहाँले यसै वर्षको जनवरीदेखि अगष्ट महिनासम्ममा ती नागरिकले श्रीलङ्काको वैदेशिक रोजगार विभागमा दर्ता गराएर नै वैदेशिक रोजगारीका लागि गएको जानकारी दिनुभएको हो ।

उहाँले आइतबार भन्नुभएको थियो यसवर्ष मात्र दुई लाख भन्दा बढी व्यक्ति वैदेशिक रोजगारीका लागि विदेश गएका छन् र अरु पनि दर्ता नै नगराइकन विदेश गएका हुनसक्छन् ।

# गण्डकीले सबै खेलमा भाग लिने

गण्डकी । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका २६ खेलमा गण्डकी प्रदेशले भाग लिने भएको छ । ट्रायथलनबाहेक सबै खेलको छनोट सकिएकाले आगामी असोज १ गतेदखि खेलाडीलाई बन्द प्रशिक्षणमा राखिने प्रदेश खेलकुद परिषद्ले जनाएको छ ।




सबै खेल विधामा गरी गण्डकीबाट सात सय १६ खेलाडीले प्रतिस्पर्धामा भाग लिने परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार छनोटमा परेका खेलाडीलाई १५ दिन विशेष र १५ दिन बन्द प्रशिक्षणमा राख्ने तयारी भइरहेको छ ।


"बन्द प्रशिक्षणका लागि बजेट प्रबन्ध गर्न प्रदेश सरकारसँग माग गरिरहेका छौँ", उहाँले भन्नुभयो, "खेलाडीले व्यक्तिगतरूपमा पनि अभ्यास थालिसकेका छन् ।" पोखरा बाहिर हुने खेलका लागि सम्बन्धित जिल्लामै बन्द प्रशिक्षण राखिने उहाँले बताउनुभयो ।

मन्त्रालयबाट बजेटको सुनिश्चितता हुनासाथ बन्द प्रशिक्षण र प्रतियोगिताको अरु तयारीले तीव्रता पाउने सदस्यसचिव गुरुङले उल्लेख गर्नुभयो । आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशको राजधानी पोखरामा नवौँ राष्ट्रिय खेलुकद प्रतियोगिता सञ्चालन हुँदैछ ।

प्रतियोगितामा एथलेटिक्स, ब्याडमिन्टन, टेबलटेनिस, क्रिकेट, फुटबल, टेनिस, हक्की, बक्सिङ, भलिबल, जिम्न्यास्टिक, कबड्डी, भारोत्तोलन, सुटिङ र पौडी समावेश छ । यस्तै ह्यान्डबल, जुडो, कुस्ती, सफ्टटेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, चेस, खोखो, कराते, आइटीएफ तेक्वान्दो, सेपाकटाक्रो, गल्फ, फुल कन्ट्यान्ट कराते, आर्चरी, फेन्सिङ, साइक्लिङ, ट्रायथलन, रग्बी र प्याराग्लाइडिङ प्रतियोगिता हुनेछ । ठेलो र क्यानोइङलाई भने प्रदर्शनी खेलका रूपमा राखिएको जनाइएको छ । प्रतियोगितामा सात प्रदेश, तीन विभागीयसहित गैरआवसीय नेपाली सङ्घ (एनआरएन) टिमले प्रतिस्पर्धा गर्नेछ ।

चार दशकपछि पोखरामा दोस्रोपटक राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुन लागेको हो । यसअघि राष्ट्रिय खेलकुदको दोस्रो संस्करण विसं २०४० चैत १२ देखि २० गतेसम्म पोखरामै आयोजना गरिएको थियो ।रासस

# चीनका राष्ट्रपति सी चिनफिङले कजाकिस्तान, उज्वेकिस्तानको भ्रमण गर्ने



**एएफपी**

बेइजिङ । चीनका राष्ट्रपति सी जिनपिङले यस हप्ता कजाकिस्तान र उज्वेकिस्तानको भ्रमण गर्नुहुने भएको छ । कोरोनाभाइरस महामारीको प्रारम्भिक दिनदेखि हालसम्म उहाँको यो पहिलो विदेश भ्रमण भएको बेइजिङले सोमबार जानकारी दिएको छ ।

सीले उज्बेकिस्तानको समरकन्दमा हुने साङ्घाई सहयोग सङ्गठन (एससीओ) को नेताहरूको शिखर सम्मेलनमा भाग लिन लाग्नु भएको जनाइएको छ ।

बिहीवारदेखि शनिबारसम्म कजाकिस्तान र उज्वेकिस्तानको भ्रमण गर्नुहुने चिनियाँ विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा बताइएको छ ।

एससीओ चीन, रुस, भारत, पाकिस्तान, साथै चार मध्य एसियाली देशहरू कजाकिस्तान, किर्गिस्तान, उज्वेकिस्तान र ताजिकिस्तान मिलेर बनेको छ ।

यस शिखर सम्मेलन आगामी सेप्टेम्बर १५ र १६ मा उज्बेक शहर समरकन्दमा हुने भएको छ । यसअघि चीनका राष्ट्रपति सन् २०२० जनवरीमा म्यान्मारको भ्रमणमा जानु भएको थियो । उहाँ फर्केर केही दिनपछि पूरै वुहान सहरलाई कोरोना भाइरस प्रकोप छोपेको थियो ।

# कोरोनाबाट ३८ जनाको मृत्यु

**सिन्ह्वा**

मनिला । फिलिपिन्समा सोमबार दुई हजार ३८ जनामा कोभिड-१९ सङ्क्रमण देखिएको छ ।

योसँगै दक्षिणपूर्वी एसियाली देशमा पुष्टि भएका घटनाहरूको संख्या ३,९०८,२९५ पुगेको छ।

स्वास्थ्य विभागका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या २५,२६२ मा झरेको छ । थप ३८ बिरामीहरू सङ्क्रमणको जटिलताबाट मृत्यु भएको छ ।

साथै सङ्क्रमणबाट मृत्यु हुनेको कुल सङ्ख्या ६२,३४२ पुगेको छ ।

# साङ्घाई सहयोग सङ्गठन शिखर सम्मेलन समरकन्दमा

**एएनआई**

नयाँ दिल्ली । प्रधानमन्त्री नरेन्द्र मोदीले सेप्टेम्बरमा हुन लागेको सांघाई सहयोग सङ्गठन (एससीओ) शिखर सम्मेलनमा आफ्ना पाकिस्तानी समकक्ष शहबाज शरीफ, चिनियाँ राष्ट्रपति सी चिननफिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग भेट्ने अपेक्षा गरिएको छ। शिखर सम्मेलन यही महिनाको १५ र १६ गते उजबेकिस्तानको समरकन्दमा हुँदै छ।

भारतको विदेश मन्त्रालको प्रेस विज्ञप्ति अनुसार प्रधानमन्त्री मोदी एससीओ काउन्सिल अफ हेड्स अफ स्टेटको २२ औं बैठकमा भाग लिन समरकन्द जाँदै हुनुहुन्छ। उज्बेकिस्तानका राष्ट्रपति शावकत मिर्जियोयेभको निमन्त्रणामा प्रधानमन्त्री मोदी समरकन्द जान लाग्नु भएको हो ।

"उजबेकिस्तानका राष्ट्रपति शावकत मिर्जियोयेभको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीले शाङ्घाई सहयोग सङ्गठन को राष्ट्र प्रमुखहरूको परिषद्को २२ औं बैठकमा भाग लिन बताइएको छ ।

शिखर सम्मेलनमा सदस्य राष्ट्रहरूका नेताहरू, पर्यवेक्षक राष्ट्रहरू महासचिव, क्षेत्रीय आतङ्कवाद विरोधी संरचनाका कार्यकारी निर्देशक, तुर्कमेनिस्तानका राष्ट्रपति र अन्य आमन्त्रित अतिथिहरू सहभागी हुने बताइएको छ । शिखर सम्मेलनमा नेताहरूले सङ्गठनका विगत दुई वर्षका गतिविधिहरूको समीक्षा गर्ने अपेक्षा गरिएको छ ।

# रुसले कब्जा गरेका २० बस्ती युक्रेनले फिर्ता गरेको दाबी

**एएफपी**

किभ । रुसले कब्जा गरेका २० बस्ती फिर्ता गरिएको युक्रेनले दावी गरेको छ ।

रुसले कब्जा गरेका बस्तीहरू फिर्ता गर्ने आक्रामक रणनीति अन्तर्गत ती २० बस्ती फिर्ता गरिएको उनीहरूले बताएका छन् ।

"पछिल्लो २४ घण्टामा हाम्रा सुरक्षाकर्मीहरूले हाम्रा सत्रुद्धारा कब्जा गरिएका २० बस्तीहरू फिर्ता गराएका छन्, उनीहरू अहिले हाम्रो पूर्ण नियन्त्रणमा रहेका छन्," युक्रेनी सेनाका एक अधिकारीले भने ।

युक्रेनका सेनाले ती बस्तीहरू फिर्ता गराएपछि त्यहाँ रहेका रुसी सुरक्षाकर्मीहरू विस्थापित भएका छन् । देशको दक्षिणी र पूर्वी क्षेत्रमा पछिल्लो हप्ता युक्रेनले रुसी सुरक्षाकर्मी विरुद्ध सफलता हासिल गरिरहेको युक्रेनी सेनाको दावी छ ।

उनीहरूले इज्युम, कुपियन्स्क, बालाक्लीया लगायतका ठाउँहरू यसअघि नै फिर्ता गराइसकिएको युक्रेनको भनाई छ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जोलेनेस्कीले पनि दैनिक सम्बोधनका क्रममा आइतबार खार्किभ र डोनेत्स्क क्षेत्र पुरै, जापोरिझझीया, डिनिप्रोपेट्रोभ्स्क र सुमीको केही क्षेत्र फिर्ता लिइएको बताउनु भएको छ ।

फिर्ता गराइएका अधिकांश ठाउँमा अहिले विद्युत सेवा पनि सूचारु भइसकेको समेत उहाँले जानकारी दिनु भएको छ । युक्रेनले रुसद्धारा कब्जा गरिएका धेरै ठाउँ फिर्ता गराउने अभियानलाई तिव्रता दिइएको र सफलता पनि प्राप्त भइरहेको जनाएको छ ।


# स्विडेनको संसदीय निर्वाचनमा विपक्षी गठवन्धनलाई अग्रता

**सिन्ह्वा**

स्टकहोम । स्विडेनमा भएको संसदीय निर्वाचनमा विपक्षी दलहरूको गठवन्धन 'ब्ल्यु ब्लक'ले अग्रता लिएको छ ।

सोमबार विहानसम्मको गरेको देखिएको छ । अहिलेसम्मको अवस्थाले विपक्षी दलहरूको गठवन्धन नै थोरै मतअन्तरले विजयी हुने देखिएको छ ।

'ब्ल्यु ब्लक'को नामले चिनिने विपक्षी गठवन्धन अन्तर्गत मोडेरेट



विवरणअनुसार विपक्षी गठवन्धनले ४९.७ प्रतिशत मत प्राप्त पार्टी, क्रिश्चियन डेमोक्रयाट्स, लिवरल पार्टी र स्विडेन डेमोक्रयाटस् पार्टी रहेका छन् । त्यसैगरी रेड ब्लकको नामले चिनिने सत्तारुढ गठवन्धनले भने ४८.८ प्रतिशत मत प्राप्त गरेको छ । त्यस अन्तर्गत सोसल डेमोक्रेटिक पार्टी, लेफ्ट पार्टी, ग्रिन पार्टी र सेन्टर पार्टी रहेका छन् ।

यी मध्ये सबैभन्दा धैरै सोसल डेमोक्रेटिक पार्टीले मत ल्याएको छ भने दोस्रो धैरै स्विडेन डेमोक्रेट्स र तेस्रो धैरै मोडेरेट पार्टीले मत प्राप्त गरेका छन् । उनीहरूले क्रमशः ३०.५ प्रतिशत, २०.७ प्रतिशत र १९ प्रतिशत मत प्राप्त गरेको छन् । निर्वाचन आयोगले अहिलेसम्म ९२ प्रतिशत मत गणना भइसकेको जनाएको छ । अहिलेसम्म विपक्षी गठवन्धनले एक सय ७६ सिटमा र सत्तारुढ गठवन्धनले एक सय ७३ सिटमा जित हासिल गरेको छ । स्विडेनको संसदमा तीन सय ४९ जना सांसद रहने व्यवस्था छ ।

# राजा चार्ल्स तृतीयको बेलायती संसदमा पहिलो सम्बोधन

**सिन्ह्वा**

लण्डन । बेलायती राजा चार्ल्स तृतीयले सोमबार पहिलो पटक संसदलाई सम्बोधन गर्नुभएको छ । बेलायती महारानी एलिजाबेथ द्वितीयको गत साता निधन भएपछि बेलायती राजा चार्ल्स तृतीयलाई बेलायतको नयाँ राजाको रूपमा घोषणा गरिएको हो ।

सेन्ट जेम्स प्यालेसबाट गरेको आफ्नो सम्बोधनमा उहाँले आफ्नी स्वर्गीय आमा महारानी एलिजाबेथ द्वितीयाप्रति श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ । उहाँले महारानीको उत्तराधिकारीका रूपमा पाएको 'महान विरासत, सार्वभौमिकताको कर्तव्य र भारी जिम्मेवारी'हरू आफुमा हस्तान्तरण गरिएको जानकारी सम्बोधनका क्रममा संसदलाई दिनुभयो ।



भेला भएका महानुभावहरूलाई सम्बोधन गर्दै राजा चार्ल्सले आफ्नी आमाप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै भन्नुभयो, मेरी प्यारी आमा महारानीको मृत्युको घोषणा गर्नु कर्तव्य हो । बेलायतकी महारानी एलिजाबेथको ९६ वर्षको उमेरमा बिहीबार अपराह्न बालमोरल क्यासलमा शान्तिपूर्वक निधन भएको थियो ।'

उहाँले भन्नुभयो,'मेरी आमाको शासनकाल यसको अवधि, समर्पण र भक्तिमा असमान थियो । दुःखी हुँदा पनि हामी यस अत्यन्तै विश्वासी जीवनको लागि धन्यवाद दिन्छौं । म यस महान् विरासत र सार्वभौमिकताको कर्तव्य र भारी जिम्मेवारीहरूको बारेमा गहिरो रूपमा सचेत छु । जिम्मेवारी अहिले मलाई हस्तान्तरण गरिएको छ । यी जिम्मेवारीहरू सम्हाल्दै, म संवैधानिक सरकार कायम गर्न र यी टापुहरू र कमनवेल्थ क्षेत्रहरूको विश्वभरिका मानिसहरूको शान्ति, सद्भाव र समृद्धि खोज्नको लागि मैले स्थापित गरेको प्रेरणादायी उदाहरण पछ्याउने प्रयास गर्नेछु ।' उहाँले क्राउन इस्टेटलगायत वंशाणुगत राजस्व समर्पण गर्ने परम्परालाई निरन्तरता दिन आफ्नो इच्छा र मनसाय दोहोऱ्याउनुभयो ।

गत हप्ता भएको ९६ वर्षीया महारानीको निधनले सात दशक लामो शासनको अन्त्य गरेको छ । उहाँलाई उथलपुथलपूर्ण संसारमा स्थिरताको प्रतीक बनाएको थियो । बेलायत औपचारिक शोकको चरणमा प्रवेश गरेको छ र विश्वभरबाट श्रद्धाञ्जलिको ओइरो लागेको छ ।

# खुद्रा व्यापार बिक्री मूल्यमा ४१ प्रतिशत बृद्धि

**सिन्ह्वा**

क्वालालम्पुर । मलेसियाको थोक तथा खुद्रा व्यापार बिक्री मूल्य ४१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको जुलाईको तुलनामा थोक तथा खुद्रा व्यापार बिक्री मूल्यमा ४१ प्रतिशतले वृद्धि भई २९.०२ अर्ब अमेरिकी डलर पुगेको आधिकारिक तथ्याङ्कले देखाएको छ ।

सवारी साधनको थोक तथा खुद्रा मूल्यमा क्रमशः ३७.५ प्रतिशत र २०.६ प्रतिशतले बढेकोले थोक व्यापारमा सकारात्मक वृद्धि भएको तथ्याङ्क विभाग मलेसिया (डीओएसएम) ले जनाएको छ ।

आयतन सूचीका आधारमा थोक तथा खुद्रा व्यापार ३३.७ प्रतिशतले वृद्धि भई १४२.५ बिन्दुमा पुगेको छ । सवारी साधन ६८१.६ प्रतिशत, समग्र खुद्रा व्यापार ३१.६ प्रतिशत र समग्र थोक व्यापार १०.८ प्रतिशतको वृद्धिले यो वृद्धिलाई समर्थन गरेको हो ।

# श्रीलङ्कामा मानव तस्करमाथि कडा निगरानी, पक्राउ पर्नेको संख्या बढ्यो

कोलम्बो । श्रीलङ्का सरकारले हालैका महिनाहरूमा बावजुद डुङ्गामार्फत अवैध रूपमा मानिसहरूलाई विदेश पठाउने मानव तस्करहरूमाथि कडा कारबाही गर्ने बताएको छ ।

श्रीलङ्काको पूर्वी क्षेत्र कट्टानकुडीस्थित मुगाथहुवरम समुद्र तटमा छापा मार्ने क्रममा डुङ्गामार्फत अवैध रूपमा अष्ट्रेलियामा मानव तस्करी गर्ने पाँच जनालाई सोमबार बिहान प्रहरी विशेष बलले पक्राउ गरेको थियो ।

मानव तस्करीमा प्रयोग भएका पाँच वटा डुङ्गापनि नियन्त्रणमा लिइएको छ । प्रहरीका अनुसार संदिग्धहरूले अवैध रूपमा डुङ्गाबाट अस्ट्रेलिया लैजान सहमत भएका थिए र अध्यागमन कानूनको उल्लङ्घन गरेका थिए । उनीहरूलाई थप




अनुसन्धानका लागि कट्टनकुडी प्रहरीलाई बुझाइएको छ । प्रारम्भिक अनुसन्धानमा उनीहरूले डुङ्गाबाट अवैध रूपमा अस्ट्रेलिया लगेबापत प्रतिव्यक्ति करिब चार हजार २०० अमेरिकी डलर लिने गरेको खुल्न आएको छ ।

# भूकम्पमा परी सातको मृत्यु

**सिन्ह्वा**

बेइजिङ । पपुवा न्युगिनीमा हिजो आइतबार बिहान ७:४६ बजे गएको ७.६ म्याग्निच्युडको भूकम्पमा परी सात व्यक्तिको मृत्यु भएको चीनको भूकम्प नेटवर्क केन्द्र (सिईएनसि) ले जनाएको छ । यस भूकम्पमा परी अन्य कैंयौं घाइते भएका (सिईएनसि) थप जानकारी दिएको छ । उद्धारकर्ताहरू दुर्गम पहिरो प्रभावित समुदायहरूमा पुग्न थालेपछि मृतकको सङ्ख्या अझै बढ्ने अनुमान गरिएको छ ।




यस भूकम्पको केन्द्रबिन्दु ६.३० डिग्री दक्षिण अक्षांश र १४६.५५ डिग्री पूर्वीदेशान्तरमा ७० किलोमिटरको गहिराइमा रहेको जनाइएको छ ।

भूकम्प प्रभावित क्षेत्रमा घर र पूर्वाधारमा व्यापक क्षति पुगेको छ । अहिले पनि धनजन क्षति विस्तृत विवरण भने प्राप्त भएको छैन् । प्रधानमन्त्री जेम्स मारापेले पपुवा न्युगिनीलाई आएको शक्तिशाली भूकम्पपछि सतर्क रहन चेतावनी दिनु भएको छ । तर यसको प्रभाव सन् २०१८ को भूकम्पभन्दा कम हुने अपेक्षा गरिएको छ । सन् २०१८ को भूकम्पमा परी १५० जनाको ज्यान गएको छ ।

# देशकै ठूलो सौर्य फार्मबाट २५ मेगावाट विद्युत् उत्पादन

त्रिशूली । नेपाल विद्युत् प्राधिकरणले नुवाकोटमा निर्माण गरिरहेको देशकै ठूलो सोलार फार्म (प्लान्ट) बाट २५ मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । एक वर्षभित्र काम सम्पन्न गर्ने भनेर विसं २०७५ वैशाख १४ गते शिलान्यास गरिएको फार्मबाट साढे तीन वर्षपछि लक्ष्यअनुसार २५ मेगावाट विद्युत्को परीक्षण उत्पादन भइरहेको आयोजना प्रमुख विकास रघुवंशीले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभिन्न सात ब्लकमा स्थापना गरिएका सौर्य फार्मबाट सुरु भएको परीक्षण उत्पादन सफल ठहरिएको छ । “फार्मबाट पछिल्लो दुई सातादेखि २५ मेगावाट विद्युत् उत्पादनको परीक्षण निरन्तर भइरहेकाले आयोजना सफल भएको छ”, आयोजना प्रमुख रघुवंशीले भन्नुभयो, “मौसम अनुकूल भएको समयमा लक्ष्यअनुसार २५ मेगावाटभन्दा केही बढी विद्युत् उत्पादन भइरहेको छ ।” फार्मबाट उत्पादित विद्युत् विदुर नगरपालिका-६ स्थित देवीघाट जलविद्युत् केन्द्रमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । सौर्य फार्म विदुर-६ र १२ मा पर्दछ ।

विसं २०७४ जेठ ३ मा सम्झौता गरिएको आयोजनाको शिलान्यास विसं २०७५ वैशाख १४ मा गरिएको थियो । एक वर्षभित्र काम पूरा गर्ने लक्ष्य लिइएको भए पनि निर्माण व्यवसायीबाट ढिलो गरेर तयार भएको डिजाइन परामर्शदाता कम्पनीले पुनरावलोकन आवश्यक रहेको भन्दै स्वीकृत गर्न थप ढिला गरेसँगै फार्म निर्माणको काम डेढ वर्ष पर धकेलिएको हो ।

निर्माण व्यवसायी चिनियाँ कम्पनी राइजन इनर्जीले विसं २०७६ कात्तिकदेखि काम सुरु गरेर पहिलो चरणमा विसं २०७७ माघमा एक दशमलव पाँच मेगावाट विद्युत् उत्पादन गरेको थियो ।

आयोजनाको पूर्ण क्षमता (२५ मेगावाट) गत भदौ १० गतेदेखि थालिएको परीक्षण उत्पादन दुई सातासम्म नियमित भएसँगै सफल ठानिएको छ । सोलार आयोजनाबाट उत्पादित विद्युत् फार्मले आफैँले निर्माण गरेको ३३/६६ केभी २५ एमभिए क्षमताको सब-स्टेशनबाट अपग्रेड गरेर एक सय मिटर दूरीमा अवस्थित देवीघाट विद्युत्गृहको सबस्टेशनसम्म भूमिगत प्रसारण लाइनमार्फत पुऱ्याएर त्यहाँबाट राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । आयोजना प्रमुख रघुवंशीका अनुसार सौर्य प्लान्टले बिहान ६ देखि साँझ ६ बजेसम्म विद्युत् उत्पादन गर्दछ । “सिधै प्रसारण प्रणालीमा पठाएकाले ब्याट्री राखेर विद्युत् सञ्चय गरिएको छैन”, उहाँले भन्नुभयो, “मौसम सफा भएको मध्याह्नको समयमा २५ दशमलव दुई मेगावाटसम्म विद्युत् उत्पादन भइरहेको छ, परीक्षण अवधिमा दैनिक एकलाख युनिट विद्युत् उत्पादन भएकाले आयोजनाको निर्माण सफल मानिएको हो ।”

सौर्य प्यानलबाट उत्पादन हुने विद्युत् डिसी (डाइरेक्ट करेन्ट)बाट एसी (अल्टरनेट करेन्ट) मा रूपान्तरण गर्दा सोही परिणामको प्रयोगयुक्त विद्युत् उत्पादन भइरहेको छ । अब नियमित उत्पादन सुरु गरिने आयोजना पक्षले जनाएको छ । यद्यपि फार्ममा जडान गरिएका सौर्य प्यानल सफा गर्न चाहिने पानीपोखरी, संरक्षणका लागि लगाउनुपर्ने घेराबार र पर्खाललगायतका केही भौतिक संरचना निर्माणको काम जारी रहेकाले आयोजना सम्पन्न भएको जानकारी दिन अझै एक महिना लाग्ने निर्माण व्यावसायीले नेपाल विद्युत् प्राधिकरणलाई जनाएको छ ।

**खेर गएका बाँझो जग्गा उपयोग**

एउटा प्यानलबाट दुई सय ७५ वाट विद्युत् उत्पादन हुनेछ । एक मेगावाट विद्युत् उत्पादनका लागि प्यानल राख्न २० रोपनी जग्गा आवश्यक पर्दछ । हाल प्राधिकरणको नाममा रहेको ३८ हेक्टर बाँझो जग्गाको उपभोग गरेर २५ मेगावाट विद्युत् उत्पादन थालिएको हो ।

विदुर नपा वडा नं ६ र १२ स्थित प्राधिकरणको आफ्नै नाममा रहेको खाली जग्गाको विभिन्न सात ब्लकमा सौर्य प्यानल जडान गरेर प्राधिकरणले सौर्य फार्म निर्माण गरेको हो । सुरुमा स्टाफ क्वार्टर (विद्युत् प्राधिकरणमार्फत सञ्चालित बोर्डिङ स्कुल रहेको स्थान) र फोर-वे (नेपाली सेनाको ब्यारेक पछाडिको चौर)बाट विद्युत् उत्पादन सुरु भएको थियो भने क्रमशः रातमाटे, केराघारी, हेलिप्याड, कफीघारी-१ र कफीघारी-२ बाट विद्युत् भइरहेको छ । उक्त जग्गा यसअघि अधिकांश अतिक्रमणमा परेका थिए ।

**पाँच वर्षसम्म निर्माण व्यवसायीको जिम्मामा**

नेपाल सरकारले आन्तरिक उत्पादनबाटै विद्युत्मा आत्मनिर्भर हुने योजनाअनुरुप १० वर्षमा १५ हजार मेगावाटको लक्ष्यमा विद्युत् आयोजनाको उत्पादन समिश्रण अनुपात निर्धारणअनुसार सरकारीस्तरबाट देवीघाटमा सौर्य फार्म निर्माण गरिएको हो । यो देशको पहिलो र हालसम्मकै ठूलो फार्म मानिन्छ ।

आयोजना निर्माणमा ‘ग्रिड सोलार तथा ऊर्जा दक्षता परियोजना’मार्फत विश्व बैंकको सहुलियतपूर्ण ऋण अनुदानमा प्राप्त ३८ मिलियन डलर लगानी छ । परियोजनाको प्लान्टका लागि चिनियाँ कम्पनी राइजन इनर्जीसँग तीन करोड ८० लाख अमेरिकी डलरमा ठेक्का सम्झौता गरिएको थियो । उक्त कम्पनीसँग विसं २०७४ जेठ ३ मा भएको सम्झौताअनुसार सोलार प्लान्टको डिजाइन, आपूर्ति, निर्माण, सञ्चालन र मर्मतसम्भार समेत गरेर चालु अबस्थामा पाँच वर्षपछि मात्र सरकारलाई हस्तान्तरण गर्ने भनिएको छ । प्राधिकरणलाई फार्म औपचारिकरूपमा हस्तान्तरण गर्न बाँकी रहेकाले उक्त पाँच वर्ष अवधिको गणना सुरु भएको छैन ।

**प्रतिमेगावाट रु १६ करोड लगानी**

प्लान्टबाट वार्षिक तीन करोड ४६ लाख ५० हजार युनिट सुनिश्चित (ग्यारेण्टी) विद्युत् आपूर्ति हुनुपर्ने सम्झौतामा भनिएको छ । सो परिणाममा विद्युत् उत्पादन नभए निर्माण व्यवसायीले प्रतियुनिट ३० सेन्ट क्षतिपूर्ति तिर्नुपर्दछ । फार्म निर्माणका लागि सम्झौता समयमा रु तीन अर्ब ८० करोड लाग्ने प्रक्षेपण गरिए पनि लक्ष्यभन्दा साढे तीन वर्ष ढिलो हुदाँ लगानी थप बढेको प्राधिरकणले जनाएको छ ।

आयोजनामार्फत विद्युत् उत्पादनमा लगानी महँगो भए पनि ऊर्जाको वैकल्पिक स्रोतको व्यवस्थापन र नमूना योजनाका रुपमा निर्माण गरिएकाले लगानीसँग तुलना गर्न नहुने आयोजना प्रमुख रघुवंशीको भनाइ छ । उहाँका अनुसार प्लान्ट निर्माण गर्दा प्रतिमेगावाट रु १६ करोड लगानी छ ।

**वैकल्पिक ऊर्जाको पहिलो ठूलो स्रोत**

खेर गएको सौर्य ऊर्जा सङ्कलन गरेर प्राधिकरणको खुला (प्रयोगविहीन) जग्गामा सञ्चालनमा ल्याएको आयोजनामा गरिएको लगानी र विद्युत् उत्पादनलाई वैकल्पिक ऊर्जाका लागि देशकै ‘नमूना’ योजना रहेको प्राधिरकणको दाबी छ । फार्म सञ्चालनमा आएपछि हिउँदको समयमा राष्ट्रिय प्रसारण प्रणालीमा हुने ऊर्जा अभाव कम गर्न सहयोग पुग्ने विश्वास लिइएको छ ।

काठमाण्डुको नजिक दूरीमा पर्ने र यसका लागि छुट्टै प्रसारण प्रणाली बनाउन नपर्ने भएकाले पनि यस आयोजना निर्माण सम्पन्नले ऊर्जाको राष्ट्रिय योगदानमा महत्वपूर्ण मानिन्छ । भूकम्पलगायतका विपद्का कारण जलविद्युत् आयोजनामा क्षति पुग्नसक्ने भएकाले उक्त समयमा चाहिने ऊर्जाको वैकल्पिक स्रोतको उपभोग गर्न सौर्य फार्मको निर्माणलाई थप महत्वका रुपमा हेरिएको छ ।

हिउँदको समयमा फार्मबाट उत्पादन हुने विद्युत् उपयोग गरेर उक्त समयमा कुलेखानी जलाशययुक्तसहित कालीगण्डकी ‘ए’, मध्यमर्स्याङदी, मर्स्याङदी, चिलिमेलगायतका अर्ध-जलाशययुक्त उत्पादनगृहको पानी दिउँसो सञ्चित गरेर विद्युत्को माग बढी हुने बिहान र बेलुका (पिकआवर)को समयमा सञ्चालन गर्न सहयोग पुग्नेछ ।रासस



# साल्ट ट्रेडिङले दसैँअगावै तोरीको तेल उत्पादन गर्ने

काठमाण्डु । दैनिक उपभोग्य वस्तुको आपूर्ति, उत्पादन र बजारीकरण गर्दै आएको साल्ट ट्रेडिङ कर्पोरेशनले तोरीको तेलको उत्पादनगर्ने भएको छ । दसैँअघिदेखि हेटौँडास्थित नेपाल वनस्पति उद्योगबाट शुद्ध तोरीको तेल उत्पादन गरी बजारमा ल्याइने कर्पोरेशनले जनाएको छ ।

तोरीको तेल उत्पादन गरेसँगै स्थानीयस्तरमा उत्पादित तोरीको खपत वढ्ने र उपभोक्ताले सुपथ मूल्यमा गुणस्तरीय तोरीको तेलको उपभोगगर्न पाउने कर्पोरेशनका विभागीय प्रबन्धक बज्रेशकुमार झाले बताउनुभयो ।




कर्पोरेशनले अहिले आयोडिनयुक्त नून, एसटिसी ब्राण्डको खाना पकाउने ग्यास, चामल, गेडागुडी, स्थानीय उत्पादनलाई प्याकिङगरी उपभोक्तामाझ पुऱ्याउँदै आएको छ । पछिल्लो पाँच वर्षयता कर्पोरेशनको कारोवार निरन्तर बढिरहेको छ ।

आर्थिक वर्ष २०७३/७४ मा कर्पोरेशनले रु आठ अर्ब ५८ करोडको उपभोग्य वस्तुको बिक्री गरेको थियो । आव २०७४/७५ मा रु नौ अर्ब ६८ करोड, आव २०७५/७६ मा रु आठ अर्ब २५ करोड, आव २०७६/७७ मा रु नौ अर्ब ७४ करोड र आर्थिक वर्ष २०७७/७८ मा रु १० अर्ब ३९ करोडको उपभोग्य वस्तु बिक्री गरिएको कर्पोरेशनका अध्यक्ष कल्याण गोविन्द श्रेष्ठले जानकारी दिनुभयो ।

गुणस्तरीय सेवा र उत्पादनका कारण पछिल्लो समय कारोवार बढ्दै गएको उहाँको भनाइ छ । बिक्री बढेसँगै कर्पोरेशनले वित्तीय अवस्थामा सुधारगर्दै लगेको छ । कर्पोरेशनले आव २०७७/७८ मा मात्रै रु. पाँच करोड ३३ लाख सञ्चालन नाफा आर्जन गरेको छ । गत आवको कारोवार एकीकृतगर्ने क्रममा रहेको कर्पोरेशनका विभागीय प्रबन्धक झाले बताउनुभयो ।

**कर्पोरेशन ६०औँ वर्षमा**

सरकार र निजी क्षेत्रको सहभागितामा सञ्चालित कर्पोरेशन आजदेखि ६०औँ वर्षमा प्रवेश गरेको छ । विसं २०२० भदौ २७ गते सरकारले कर्पोरेशनको स्थापना गरेको थियो । तत्कालीन समयमा जनतालाई सहजरुपमा नून उपलब्ध गराउन स्थापना गरिएको कर्पोरेशनले पछिल्ला दिनमा व्यापारमा विविधीकरण गर्दै लगेको छ । कर्पोरेशनले पछिल्ला समय स्थानीय उत्पादनको बजारीकरणमा जोड दिँदै आएको छ ।

६०औँ वार्षिकोत्सवका अवसरमा आज आयोजित कार्यक्रममा कर्पोरेशनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले साल्ट ट्रेडिङलाई नमूना संस्था बनाउने उद्देश्यका साथ आफूहरुले काम गरिरहेको बताउनुभयो ।

आफ्नो सेवालाई थप प्रभावकारी बनाउन योजनाबद्ध हिसावले देशरभका डिलरमार्फत उपभोक्ताको माझमा पुगिरहेको उहाँको भनाइ छ । सो अवसरमा एसइई परीक्षामा उत्कृष्ट अङ्क ल्याउने कर्पोरेशनमा कार्यरत कर्मचारीका सन्ततिलाई दुई वर्षसम्म मासिक रु तीन हजारका दरले छात्रवृत्ति प्रदान गरिएको थियो ।रासस

# बागलुङ बजार भित्रियो मुस्ताङको स्याउ

बलेवा । भदौको अन्तिम साता सुरु भएसँगै मुस्ताङको स्याउ बागलुङ, कुश्मा, बेनीलगायतका नजिकका बजारमा देखिन थालेको छ ।

चाडपर्वका बेला बागलुङ, पर्वत, म्याग्दी र आसपासका जिल्लामा मुस्ताङको स्याउको माग हुन्छ । यहाँ एउटा चलन छ, ‘कोशेलीमा मुस्ताङको स्याउ’ । दसैंका बेला त अझै बढी मुस्ताङी स्याउको कोशेली चल्छ । चाहे मुस्ताङ बसेर गाउँ फर्किने हुन् वा देशविदेशमा रहेका दसैंका बेला गाउँ फर्किने किन नहुन् ! गाउँघरमा एउटै आशा हुन्छ, ‘कोशेलीमा मुस्ताङी स्याउ छ, छैन ।’

दसैंलगायतका चाडपर्वको छेको पारेर मुस्ताङी स्याउ बजारमा आएको हो । भदौको अन्तिम सातादेखि बिक्रीका लागि खुला भएको मुस्ताङी स्याउ बजारमा देखिन थालेको बागलुङ बजारका फलफूल व्यवसायी बताउँछन् । रातो र सेतो दुवै रङको स्याउ बागलुङ, कुश्मा, बेनीलगायतका बजारमा आइपुगेको व्यसायीले बताएका छन् ।

धादिङका चन्द्र लामालाई यतिबेला बजारमा स्याउ पुऱ्याउन भ्याइनभ्याइ छ । हरेक वर्ष मुस्ताङको टुकुचेमा बगान ठेक्का लिएर बजारमा स्याउ पुऱ्याउने लामाले यस वर्ष पनि बगान ठेक्कामा लिनुभएको छ । रु ५० लाखमा खरिद गरेको बगानका स्याउ दसैंअघि नै बजारमा पुऱ्याउने र मुनाफासमेत आर्जन गर्ने लामाको लक्ष्य छ । मुस्ताङको टुकुचेमा रहेको स्थानीयको बगान उहाँले ठेक्कामा लिनुभएको हो । “दसैंपछि बजारमा माग घट्छ, कोशेली हुने भएकाले दसैंका बेला सबै बजारमा स्याउ राम्रोसँग बिक्री हुन्छ”, लामाले भन्नुभयो, “दिनमा दुई ट्रकसम्म स्याउ बजार पुऱ्याउने गरेको छु ।” पहिलो पटक बजारमा आएको स्याउ खुद्रा व्यापारीले हानथाप गरेर खरिद गरेको लामाले बताउनुभयो ।

यहाँका बजारमा पाइने स्याउमध्ये चाडपर्वका बेला अधिकांशको रोजाइमा मुस्ताङी स्याउ पर्ने गरेको छ । लामा जस्तै व्यवसायीलाई अहिले मुस्ताङको स्याउ काठमाडौं, पोखरा, बागलुङलगायतका सहरमा पठाउन भ्याइनभ्याइ छ । बगैंचाबाट सङ्कलन गरी पठाउँदा मुस्ताङमै थोकमूल्य रु ९० देखि र एक सय २५ सम्म पर्ने गरेको उहाँले जानकारी दिनुभयो ।

दसैं तिहारका समयमा पाक्ने भएकाले यस अवधिमा स्याउको निकै खपत हुने गर्दछ । बजारका कतिपय फलफूल पसलले ग्राहकलाई आकर्षित गर्नेगरी पसलमा मुस्ताङको स्याउ पाइन्छ भनेर लेखेर टाँस्ने गरेको मुस्ताङको ठिनीका स्याउ व्यवसायी पल डिसी बताउनुहुन्छ । व्यापारीले मुस्ताङको स्याउ रु दुई सयदेखि दुई सय ५० सम्ममा बिक्री गर्ने गरेका छन् ।

“पहिलो पटक आएको स्याउ निकै उत्साहजनक हिसाबले बिक्री भइरहेको छ”, मिलन फलफूल पसलका सञ्चालक खगेन्द्र पौडेलले भन्नुभयो, “बागलुङका स्थानीय बजारमा पनि हामीले स्याउ पठाइसकेका छौं ।”

विसं २०२२ मा तत्कालीन कृषि मन्त्रालयअन्तर्गतको फल उद्यान विभागले भारतीय राजदूतावासको सहयोगमा भारतको कश्मीरबाट स्याउका बिरुवा ल्याएर वितरण गरेको तथ्याङ्क भेटिन्छ । मुस्ताङीका अनुसार सरकारले सुरुमा प्रत्येक घरमा तीन/तीन वटा स्याउका बेर्ना बाँडेको थियो ।

मुस्ताङी स्याउको स्वाद वर्षभरि नै चखाउन बेमौसमका लागि चाना बनाएर सुकाउने प्रचलन पनि छ । मुस्ताङ पुग्ने पर्यटकका साथै प्रसिद्ध मुक्तिनाथ मन्दिरको दर्शन गर्न जाने भक्तजनका लागि पनि मुस्ताङको स्याउ प्रमुख कोसेली बन्ने गरेको छ । मुस्ताङमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ‘एप्पल जोन’ कार्यक्रम सञ्चालनमा छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ‘एप्पल जोन’ कार्यक्रम मुस्ताङको सल्लाहमा भदौको अन्तिम साता मात्रै बगानमा प्रवेश दिइएको हो ।

गत वर्ष रु ४० करोडको स्याउ मुस्ताङबाट बिक्री भएको तथ्याङ्क छ । मुस्ताङमा एक हजार चार सय हेक्टर जमिनमा स्याउ लगाइएको छ । पाँच सय हेक्टर जमिनमा मात्रै अहिले उत्पादन दिने बिरुवा तयार छन् । बाँकी बिरुवाले क्रमशः उत्पादन दिने स्थानीय बताउँछन् ।रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ५४ अङ्कले ओरालो लागेर एक हजार नौ सय १२ दशमलव ७४ मा सीमित भएको छ ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक दुई दशमलव ३९ अङ्कले ओरालो लागेर तीन सय ७२ दशमलव ३४ अङ्कमा सीमित भएको छ । कूल दुई सय २५ कम्पनीका २६ लाख १३ हजार पाँच सय ४० कित्ता शेयर रु ८३ करोड १६ लाख तीन हजार छ सय ५१ बराबरको कारोबार भयो ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोषको मात्रै शेयर मूल्यमा सामान्य वृद्धि भएको छ । सो उपसमूह शून्य दशमलव शून्य दुई अङ्कले उकालो लागेको छ ।

बैंकिङ पाँच दशमलव १७, व्यापार सात दशमलव ५१, होटल तथा पर्यटन छ दशमलव ६३, विकास बैंक १४ दशमलव २८, जलविद्युत् ३० दशमलव ६६, वित्त १७ दशमलव ४८, निर्जीवन बीमा ४६ दशमलव ८८, उत्पादन २३ दशमलव ८१, लघुवित्त ३० दशमलव २६, जीवन बीमा ५२ दशमलव ५५ र लगानी शून्य दशमलव ४१ अङ्कले ओरालो लागेको छ । नेप्सेका अनुसार सोमबारको कारोबारपछि बजार पुँजीकरण रु २७ खर्ब ४३ अर्ब ६२ करोड १५ लाख ९२ हजार चार सय २४ बराबर भएको छ । नेप्सेका अनुसार कारोबारका आधारमा नबिल बैंक शीर्ष स्थानमा छ । सो बैंकको रु चार करोड सात लाख ५४ हजार सात सय ६३ बराबरको कारोबार भयो ।

रिडी हाइड्रोपावर रु दुई करोड ७९ लाख ५८ हजार, हिमालयन डिस्टिलरी रु दुई करोड ५६ लाख ७१ हजार चार सय ६३, अपि पावर कम्पनी रु दई करोड २७ लाख ७९ हजार दुई सय ७७, नेपाल पुनरबीमा कम्पनी रु दुई करोड पाँच लाख ७५ हजार दुई सय ८३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।रासस


## सार्वजनिक सूचना

यस के. बि. इलेक्स प्रा. लि. द्वारा उत्पादित उच्च गुणस्तर NEA standard का बिद्युतिय ट्रांस्फर्मर तथा काण्डकटरहरुको तपसिल बमोजिम मूल्य सुची कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गरउँदछौ । (An ISO 9001:2015 Certified Company)

**NEA Standard Transformer & ACSR Conductor Rate**

**Price List for FY 2079/080**

| S.No. | Transformer Range 11kv/0.4v 3 Ph | No Load Loss (Watt) | Load Loss (Watt) | Unit Price Excluding VAT, Ex- Factory, Janakpur |
|---|---|---|---|---|
| 1 | 25 KVA | 75 | 460 | 295000 |
| 2 | 50 KVA | 120 | 750 | 420000 |
| 3 | 100 KVA | 220 | 1210 | 625000 |
| 4 | 150 KVA | 295 | 1675 | 850000 |
| 5 | 200 KVA | 365 | 2100 | 1050000 |
| 6 | 250 KVA | 455 | 2550 | 1170000 |
| 7 | 300 KVA | 550 | 3000 | 1280000 |
| 8 | 400 KVA | 745 | 4025 | 1400000 |
| 9 | 500 KVA | 960 | 5150 | 1550000 |
| 10 | 630 KVA | 1200 | 6800 | 1800000 |
| 11 | 750 KVA | 1250 | 9560 | 2050000 |
| 12 | 800 KVA | 1300 | 11000 | 2150000 |
| | | | | |
| 1 | Weasel ACSR Conductor | | Rate/KM | 50000 |
| 2 | Rabbit ACSR Conductor | | Rate/KM | 85000 |

ELEX TRANSFORMER
MADE IN NEPAL

**K.B ELEX PVT. LTD**
Factory/Office: Mujeliya, Janakpur
Email: sales.bnmahtogroup@gmail.com
Call/Whatsapp: 9801622233 / 9801622254
Website: www.bnmahtogroup.com



## Kamla Polythene & Plastic Industries Pvt. Ltd.

Factory & Head Office: Mujeliya - 14, Janakpur

## सार्वजनिक सूचना

यस कमला पोलिथिन एंड प्लास्टिक इ. प्रा. लि. द्वारा उत्पादित उच्च नेपाल गुणस्तर NS –40 Standard का HDPE पाइप तपसिल बमोजिम मूल्य सुची कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गरऊँदछौ। (An ISO 9001:2015 Certified Company)

**Nepal Standard PE-100 Grade Material (New Standard)**

**NS 40 Standard High Density Polythene Pipe (HDPE) Price List For 2079/080**

| Size | | Series 1 | | Series 2 | | Series 3 | | Series 4 | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | PN 6 | | PN 10 | | PN 12.5 | | PN 16 | |
| Inch | MM | Weight/Mtr | Rate/Mtr | Weight/Mtr | Rate/Mtr | Weight/Mtr | Rate/Mtr | Weight/Mtr | Rate/Mtr |
| 0.5 | 20 | | | | | | | 0.135 | 43.20 |
| 0.75 | 25 | | | | | 0.173 | 55.36 | 0.208 | 66.56 |
| 1 | 32 | | | 0.234 | 74.88 | 0.274 | 87.68 | 0.338 | 108.16 |
| 1.25 | 40 | | | 0.360 | 115.20 | 0.434 | 138.88 | 0.523 | 167.36 |
| 1.5 | 50 | 0.365 | 116.80 | 0.555 | 177.60 | 0.673 | 215.36 | 0.808 | 258.56 |
| 2 | 63 | 0.568 | 181.76 | 0.850 | 282.00 | 1.047 | 335.04 | 1.270 | 406.40 |
| 2.5 | 75 | 0.816 | 261.12 | 1.248 | 399.36 | 1.481 | 473.92 | 1.800 | 576.00 |
| 3 | 90 | 1.148 | 367.36 | 1.787 | 571.84 | 2.144 | 686.08 | 2.591 | 829.12 |
| 4 | 110 | 1.688 | 540.16 | 2.643 | 845.76 | 3.177 | 1016.64 | 3.840 | 1228.80 |
| 4.5 | 125 | 2.187 | 699.84 | 3.405 | 1089.60 | 4.089 | 1308.48 | 4.962 | 1587.84 |
| 5 | 140 | 2.750 | 880.00 | 4.261 | 1363.52 | 5.132 | 1642.24 | 6.209 | 1986.88 |
| 6 | 160 | 3.579 | 1145.28 | 5.559 | 1778.88 | 6.695 | 2142.40 | 8.134 | 2602.88 |
| 7 | 180 | 4.518 | 1445.76 | 7.054 | 2257.28 | 8.466 | 2709.12 | 10.256 | 3281.92 |
| 8 | 200 | 5.564 | 1780.48 | 8.698 | 2783.36 | 10.441 | 3341.12 | 12.667 | 4053.44 |
| 9 | 225 | 7.065 | 2260.80 | 10.975 | 3512.00 | 13.217 | 4229.44 | 16.014 | 5124.48 |
| 10 | 250 | 8.678 | 2776.96 | 13.520 | 4326.40 | 16.263 | 5204.16 | 19.758 | 6322.56 |
| 11 | 280 | 10.885 | 3483.20 | 16.936 | 5419.52 | 20.393 | 6525.76 | 24.773 | 7927.36 |
| 12 | 315 | 13.781 | 4409.92 | 21.459 | 6866.88 | 25.818 | 8261.76 | 31.307 | 10018.24 |

Note:
1. Above price are Ex: Factory, transportation Extra
2. 13% VAT will be charged extra
3. This cancel our entire price list

**Kamla Polythene & Plastic Ind. Pvt. Ltd**
Factory/Office: Mujeliya, Janakpur
Email: sales.bnmahtogroup@gmail.com
Call/Whatsapp
9801622233 /9801622254

# मिथिलामा जितिया पर्वको तयारी

टुडे समाचारदाता

महोत्तरी । मध्यपूर्वी तराईका जिल्लामा पितृपक्ष (सोह्रश्राद्ध) सुरु भएसँगै महिलाहरू जितिया पर्वको तयारीमा लागेका छन् ।

मधेश प्रदेशको प्राचीन मिथिला क्षेत्रमा पितृपक्ष सुरु हुनासाथै उनीहरुले जितियाको चर्चा र तयारी थालेका हुन् । यो पर्व मिथिलामा पौराणिक र पारम्परिक महत्वको मानिन्छ । यसपालिको पितृपक्ष सोमबार नै प्रारम्भ भइसकेको छ ।

महिलाले असोज कृष्ण अष्टमीका दिन जितिया पर्वको कठोर उपवास बस्ने हिन्दू मैथिल परम्परा छ । पितृपक्ष सुरु हुनासाथै बर्तालु महिला आत्मिक, दैहिक, भावनात्मक र भौतिक तयारीमा जुट्ने पुरानो मैथिल परम्परा रहेको छ ।

अष्टमी सुरु हुनु एकघडी (करिब साढे दुई घण्टा)पूर्व सुरु हुने उपवास एक अहोरात्रपछि नवमी तिथि एकघडी कटाएर समापन गरिने मैथिल परम्परा छ । सन्तानको सौर्यवृद्धि र कल्याणको कामनाका लागि गरिने यो व्रत विधि कठिन भएकाले यसको चर्चा र तयारी केही दिन पहिले नै सुरु हुने गरेको छ ।

यस पर्वमा निराहार व्रत सुरु गरिएपछि समापन नगरिउञ्जेल थुक निल्नु, अञ्जानमै पनि किरा, फट्याङ्गा र झारपात मारिनु, चुडिनु नहुने धार्मिक मान्यताले गर्दा यो पर्व निकै कठिन विधिको मानिन्छ । पहिले सन्तान (छोरा-छोरी)को कल्याण कामनार्थ गरिँदै आइएको यो व्रत पछिपछि पुत्रका नाममा हुन थालेको सामाजिक क्षेत्रमा क्रियाशील रहँदै आउनुभएकी जलेश्वर-२ का साधना बर्मा बताउछिन ।

यसपालि यो व्रत तिथिको भोग घटबढले आउने आगामी असोज १ गते परेको छ । आगामी शनिबार मध्याह्नलगत्तै अष्टमी तिथि लाग्ने हुँदा शुक्रबार मध्यरातपछि शनिबार बिहानै दही, चिउरा 'ओगटन' (दर) खाएर बर्तालुले निराहार व्रत सुरु गर्नेछन् ।

निराहार व्रत बस्ने महिलाले एक अहोरात्र कटाएर नवमी तिथि एकघडी कटाएपछि व्रत समापन गर्नेछन् । यसपालि आइतबार मध्याह्नपछि नवमी तिथि प्रारम्भ हुने हुँदा सो दिन सूर्यास्तपछि व्रत समापन गर्न सकिने छ ।

उदाउँदो सूर्यका बेला समापन गरिने यो पर्व यसपालि भने सूर्यास्तपछि हुने भएको छ । व्रतमा एक अहोरात्र कटाउन पर्ने विधानले यसपालि जितिया व्रत ३६-३७ घण्टाको हुने भएको छ ।

कठोर विधानको यो व्रतको महिमा जनजिब्रोमै रहने गरेको मिथिला संस्कृति र परम्पराका ज्ञाता बर्दिबास नगरपालिका-२ का महेशकुमार झाले बताए ।

सन्तानको सौर्यवृद्धि र कल्याणको कामना गर्दै आमाले गर्ने जितिया व्रतको प्रभावले नै सामाजिक इज्जत, प्रतिष्ठा र साहस प्राप्त हुने मैथिल हिन्दूको जनविश्वास रहेको छ ।



**सन्तानको कल्याण र सौर्य वृद्धिको कामनासहित पुत्रवती मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन व्रत बस्ने परम्परा रहेको छ । यस व्रतमा पुरुषहरूले पितृपक्षमा दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरूले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने परम्परा रहेको पछिल्ला २० वर्षदेखि जितिया व्रत बस्दै आएकी महोत्तरी जिल्लाको भङ्गाहा नगरपालिका-४ थारूटोल बनराकी ४० वर्षीया रासोदेवी थारू बताउछिन ।**

सन्तानको कल्याण र सौर्य वृद्धिको कामनासहित पुत्रवती मिथिलानीले यस पर्वमा दिवङ्गत पितृ रिझाउन व्रत बस्ने परम्परा रहेको छ । यस व्रतमा पुरुषहरूले पितृपक्षमा दिवङ्गत आफन्तलाई तर्पण दिएजस्तै आफूहरूले पनि दिवङ्गत आफन्त महिलालाई तर्पण दिने परम्परा रहेको पछिल्ला २० वर्षदेखि जितिया व्रत बस्दै आएकी महोत्तरी जिल्लाको भङ्गाहा नगरपालिका-४ थारूटोल बनराकी ४० वर्षीया रासोदेवी थारू बताउछिन ।

सप्तमीका दिन (निराहार व्रतको एक दिन पहिले) एकाबिहानै पवित्र जलाशयमा नुहाएर सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ्य देखाएर व्रत सङ्कल्प गरिन्छ । बर्तालुले दिवङ्गत सासु, जेठानी, बुढीसासु, नन्द-आमाजु र तीन पुस्ताभित्रको नाता पर्ने महिलालाई तर्पण दिने चलनले यस पर्वलाई 'षोडष मातृका श्राद्ध' पनि भन्ने गरिएको छ । ती सबै दिवङ्गत आफन्तलाई तर्पण दिँदै 'तिमी आफ्ना पौत्र (नाति), प्रपौत्र (पनाति) र उनका सन्तानको कल्याण गर' भन्ने कामना गरिन्छ ।

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग मानिदै आइएको यो पर्वबारे अब पछिल्लो पुस्ताले बहस र तर्कवितर्क भने गर्न थालेका छन् । पर्वमा सन्तानका लागि नभनिएर पुत्रको कल्याण र सौर्य वृद्धिको कामना भनिने परम्परा रहेकाले यस पर्वले सन्तानभित्र नै लैङ्गिक विभेद गरेको भन्ने स्वर नयाँ पुस्ताले बढाउँदै लगेका छन् । पर्वको महत्ता र गरिमालाई अझ मजबुत बनाउन अब सन्तानका लागि भनेर व्रतको कामना गर्ने परम्परा बसाल्न पर्ने महिला जागरण क्षेत्रमा क्रियाशील रहँदै आएका अधिकारकर्मीहरूको भनाइ छ ।

वास्तवमा पहिलेका आमाहरूले सन्तानकै लागि यो व्रत सुरु गरेका भए पनि कालान्तरमा परिवार र समाजमा पुरुष प्रभुत्व बढ्दै गएपछि 'पुत्र' का लागि भनेर घुसाइएको बर्दिवास नगरपालिका-९ की सामाजिक, राजनीतिक कार्यकर्ता दिपीयादेवी महतो बताउछिन । आफूले पछिल्ला २६ वर्षदेखि सुरु गरेको यो पर्व 'पुत्र'का लागि मात्र नभएर सन्तानको कल्याणका लागि गर्दै आएको दिपीयाले बताइन ।

व्रत अवधिमा बर्तालुले राजा जितवाहनको कथा सुनेर आफ्ना पुत्र उनीजस्तै परोपकारी र साहसी होउन् भन्ने कामना गर्छन् । अघि द्वापर युगमा एकजना विधवा ब्राह्मणीको पुकारमा उनका पाँच मृत छोरालाई राजा जितवाहन (देवरुप)ले आफ्नो आर्जित तपशक्तिबाट बचाइदिएको पौराणिक कथाका आधारमा यो कठोर व्रत बस्ने परम्परा बसेको बूढापाका बताउँछन् ।


राजा जितवाहन र जितिया पर्वको चर्चा भविष्यपुराणमा भएकाले यसको थालनी द्वापरयुगमा नै सुरु भएको हुनसक्ने जलेश्वर नगरपालिका-६ बखरीका बासिन्दा साहित्यकार महेश्वर रायले बताए । यसक्षेत्र (मिथिला)का सबैजसो सन्तानवती मैथिल हिन्दू महिलाले मनाउने यो पर्वमा तीजजस्तै महिलाका लागि पछिल्ला चार वर्षयता मधेश प्रदेश सरकारले बिदा दिँदै आएको छ ।

# नबालिकाको शरीरमा गर्भ निरोधक साधन फेला

राकेश यादव

रौतहट । गौर नगरपालिका वड़ा नम्बर ५ जिल्ला प्रहरी कार्यालयको नजिकै सञ्चालन रहेको अनाथ आश्रमबाट उद्दार गरिएको २ बालिका मध्ये एक जना नबालिकाको शरीरमा गर्भ निरोधकको अस्थायी साधन नरप्लान्ट फेला परेको छ ।

नेपाल भारत मैत्री वीरांगना फाउनडेशनद्वारा संचालित नेपाल भारत मैत्री अनाथ आश्रमबाट प्रहरीको सहयोगमा उद्दार गरिएकी १४ वर्षीय नबालिकाको शरीरबाट परिवार नियोजनको अस्थायी साधन नरप्लान्ट निस्किए पछि घटना सार्वजानिक भएको हो ।





काठमाण्डु स्थित राष्ट्रिय बालअधिकार परिषद्मा गत साउनमा घरभाडा नदिएको विषयमा घरपट्टीले दिएको निवेदनमा त्यहाँ राखिएका बालबालिकाले उचित संरक्षण नपाएको सन्दर्भ पनि गाँसिएको थियो। घर भाड़ा लिएर सञ्चालन गरिएको अनाथ आश्रममा राखिएको बालिका असुरक्षित तथा जोखिममा रहेको बुझिएपछि साउन १० गते परिषद्को मधेश प्रदेश समन्वय कार्यालय, जिल्ला प्रशासन कार्यालय, नगरपालिकाका प्रतिनिधि सहित रौतहट प्रहरी टोली नेपाल-भारत मैत्री अनाथ आश्रम पुग्दा गेटमा बाहिरबाट ताल्चा लगाइएको थियो ।

डेढ घण्टासम्म बोलाउँदा कोही बाहिर ननिस्किए पछि ताला फोडेर भित्र जाँदा आश्रमका सञ्चालक प्रभा सिंह कोठा भित्रै लुकेर बसिरहेकी थिइन्। ताल्चा ठोकिएको यही अनाथ आश्रमभित्र छिर्दा जघन्य आपराधिक कार्य लुकेको तथ्य भेटिएको वडा अध्यक्ष शिव शंकर यादवले बताएका छन् । आश्रममा रहेका तीन जनामध्ये दुईजना नाबालिक रहेको थियो ।

१३-१४ वर्षकी बालिकाको पाखुरामा परिवार नियोजनको अस्थायी साधन 'नरप्लान्ट' राखिएको भेटिएको छ। "नाबालिकाको शरीरमा गर्भनिरोधक अस्थायी साधन भेटिँदा हामी अचम्मित छौं। त्यहाँ बालबालिकालाई चरम यौन शोषण गरिएको हाम्रो शंका छ,' परिषद्की कार्यक्रम व्यवस्थापक नमुना भुसाल भन्छिन्।अर्की सात वर्षकी बालिकालाई समेत यौनजन्य क्रियाकलापमा लगाएको भुसालले बताइन्।

गर्भनिरोधक अस्थायी साधन राखिएकी बालिकाले मनोसामाजिक परामर्शकर्तासँग आफूलाई एक दिनमै ८-९ जनासँग यौनसम्बन्ध राख्न आश्रम सञ्चालकले प्रयोग गरेको बताएकी छन्। त्यस क्रममा एक-दुई पटक आफू बेहोससमेत बनेको बालिकाले खुलाएकी बारा स्थित रहेको बाल हेल्पलाइनले जनाएको छ ।

स्वास्थ्य परीक्षणपछि उक्त 'नरप्लान्ट' बाराको कलैया अस्पतालमा भदौ २० गते निकालिएको छ । बारा प्रहरीको रोहवरमा अस्थायी साधन निकालिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले बताए।

मनोसमाजिक परामर्शदाताले तयार पारेको डेढ पेजको रिपोर्टमा बालिकामा बलात्करपछिको मानसिक पक्षघातका लक्षण पनि देखिएको उल्लेख भए पनि रौतहट प्रहरी अहिले सम्म घटनामा संलग्न रहेकी संचालिका सिंहलाई नियंत्रणमा लिन सकेको छैन ।

बालिकाको शरीरमा परिवार नियोजनको अस्थायी साधन भेटिएपछि अनुसन्धान गरी कानूनी कारबाहीको सम्बन्धमा भन्दै परिषद्ले प्रहरी प्रधान कार्यालयलाई साउन २६ गतेमा पत्र लेखेको थियो। तर एक महिना कटिसक्दा समेत प्रहरीले अनुसन्धान गर्ने/नगर्ने टुंगोमै पुग्न सकेको छैन। परिषद् बाट पत्र आएको छ, तर जाहेरी नआई पत्रका आधारमा मात्रै मुद्दा चलाउन सकिन्छ कि सकिँदैन भन्ने दोधारमै छौं,' जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी मल्ल भन्छन्, यो विषय अनुसन्धानमै छ भनौँ । कसरी अनुसन्धान बढाउने भनेर समन्वय पनि हुँदै छ।' प्रहरीको भनाइबाट घटना लुकाउने नियत रहेको बुझ्न सकिन्छ ।

मुलुकमा देखिएका २ घटना पल साह र क्रिकेटर संदीप लामिछानेको विषयमा उजुरी दिने वित्तिकै प्रहरीले आरोपितलाई पक्राउ गरी छानबिन शुरू गरेको थियो तर रौतहट प्रहरीले सबै प्रमाण हुँदा हुँदै अहिलेसम्म मौन बसेकाले दोषी जोगाउने प्रहरीको प्रयास भइरहेको स्थानीयहरुको भनाइ रहेको छ ।

प्रहरी अनुसन्धानमा अलमल भइरहेकै बेला यो मुद्दा कमजोर हुनसक्ने संकेत पनि देखिएको छ । आरोपित पक्षले पीडितको जन्मदर्ता लगायतका कागजात मिलाउन खोजेको अधिकारकर्मीको आशंका छ ।

जन्मदर्ता र पीडितले भनेको तथा प्रहरी मुचुल्कामा उल्लेखित उमेर अन्तरसमेत फराकिलो छ । साउन १० गते अनाथ आश्रममा ताला तोडेर उठाएको प्रहरी मुचुल्कामा बालिकाको उमेर अन्दाजी १४-१५ वर्ष लेखिएको छ । तर, सच्याएर ल्याएको जन्मदर्तामा उमेर २२ वर्ष रहेको डीएसपी मल्लले बताए । सञ्चालिका प्रभा सिंह २०७५ सालदेखि अनाथालयको सञ्चालिका रहेकी छन् ।

जिल्ला प्रशासन कार्यालय, रौतहटका अनुसार नेपाल-भारत मैत्री वीरांगाना फाउन्डेसन अन्तर्गत रहेको अनाथलयले शाखा सञ्चालनको अनुमति पाएको छ। तर, छुट्टै दर्ता भने नभएको प्रमुख प्रशासकीय अधिकृत मणिभूषण साहले बताए ।

बालिकाले बाल हेल्पलाइनसँग आफू दुई वर्षदेखि उक्त अनाथालयमा बसिरहेको बताएकी छन्। अनाथालयका सञ्चालिका सिंहले भने भारत उपचार गर्न लैजाने कागजात बनाउनका लागि बालिकालाई २-३ महीनाअघि मात्र राखिएको दाबी गरिरहेकी छन् । उनले प्रहरीले फसाउन खोजेको समेत आरोप लगाएको छ ।

अनाथ आश्रममा अभिभावक नभएको तथा अलपत्र अवस्थामा परेको बाल बालिकाहरुलाई संरक्षण गरी राख्ने पवित्र ठाउँ हो तर रौतहटमा भएको यो घटनाले आश्रममा पनि बालबालिका पीड़ित सुरक्षित हुने अवस्था नरहेको महिला अधिकारकर्मीहरुको भनाइ रहेको छ ।

घटनाको सम्वन्धमा छानबिन गरी कारवाही बढाउनका लागि प्रहरी नायव उपरीक्षक मल्लको नेतृत्वमा समिति गठन गरिएको प्रहरी उपरीक्षक वीरबहादुर बूढा मगरले जानकारी दिए ।

# बालात्कारीलाई १२ वर्ष जेल

टुडे समाचारदाता

जनकपुरधाम । धनुषा महेन्द्रनगरकी नबालक दिदी बहिनीलाई बेहोस बनाई बालात्कार गर्ने राजकुमार साहलाई जिल्ला अदालत धनुषाले १२ वर्ष जेल सजाय र पाँच लाख क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनाएको छ ।

सोमबार जिल्ला अदालतका न्यायाधीश नारायण प्रसाद सुवेदीको एकल इजलाशले सो फैसला सुनाएको हो ।

एक साता अघि न्यायाधीश सुवेदीकै इजलासले कसुर ठहर भएको फैसला सुनाएको थियो ।

क्षीरेश्वरनाथ नगरपालिका -५ का साहले ०७६ बैशाख १५ गते दिउसो दिदी बहिनीलाई बेहोस बनाई बालात्कार गरेका थिए । बेहोस दुबै जनालाई बनाए पनि साहले जेठीलाई बलात्कार गरेका थिए ।

०७६ जेठ ८ मा जिल्ला अदालतमा यी मुद्दा दर्ता भएको थियो । साढे तीन वर्ष समय लागेर फैसला भएको यी मुद्दामा ३१ वटा पेशी चढेपछि मुद्दा किनारा लागेको छ ।

राजनीतिक संरक्षणमा अदालतले डिएनए परीक्षणको लागि मुद्दा अल्झाएर राखेको थियो । पछि अर्कै प्रमाणको अधारमा अदालतले फैसला सुनाएको हो ।

# बेलाबेला परेको पानीले राहत

टुडे समाचारदाता

महोत्तरी । महोत्तरीसहितका मध्यपूर्वी तराईमा भदौ दोस्रो सातायता सम्यक वर्षा भएको छ । असार, साउन र भदौ पहिलो सातासम्म राम्ररी पानी नपर्दा खेती राम्रो लगाउन नपाएका किसानले भदौ दोस्रो सातायता बेलाबेला पानी परिरहेपछि राहतको महसुस गरेका छन् ।

भदौ ११ गतेयता प्रत्येक दुई/तीन दिनमा पानी परिरहेको छ । महोत्तरीका अधिकांश भेगमा सोमबार पनि पानी परेको थियो । यसपालि असार/साउनमा पानी राम्ररी नपर्दा किसानले चाहेजति धान रोप्न पाएका थिएन । बीउकै अभावले ठीक समयमा ब्याड राख्न नपाएका किसानले पछि पानीको अभावले गर्दा धान रोपाइँमा धेरै सास्ती व्यहोर्नुपरेको थियो ।

इनारबाट पम्पसेट लगाएर पनि केही त रोपियो, तर वर्षा नै नभएपछि के साध्य हुनु ? पछि त पानीबेगर रोपो पहेँलिन थाल्यो', साउनभरिको प्रचण्ड घाम सम्झँदै भङ्गाहा-४ का किसान रामसागर यादव भन्छन, साउन महिनामा धानखेतमा धजा फाटेको देख्दै वीरक्तिएका थियौँ, तर भदौ १० यताको पानीले त्राण भऱ्यो ।' भदौ दोस्रो सातायता प्रत्येक दुई/तीन दिनको फरकमा केही बेरकै भए पनि पानी परी रहँदा धानका बोट फिरेर अब बाला लाग्ने आश जागेको यादवको भनाइ छ । तर मल सहज उपलब्ध नहुँदा धेरै सास्ती खेप्नुपरेको आम किसान बताउँछन् ।



भदौ दोस्रो सातायताको बेलाबेलाको वर्षाले धानलाई मात्र नभएर रुखिएको माटोमा राम्ररी चिस्यान भर्दा उखु, तरकारी र फलफूलका बिरुवा पनि हलक्क बढेका किसान बताउँछन् । बेलाबेला पानी परेपछि चरन क्षेत्रमा ओइल्याएका दुबो र अन्य घाँसका झाम्टा पलाउन थालेका छन् । यसले पशुबस्तुको चरनमा निकै राहत दिएको पशुपालक किसानको भनाइ छ ।

यसपालि असार/साउनमा पानी नपर्दा अपेक्षित धान रोपाइँ हुन सकेन । जिल्लामा कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गामध्ये करिब ५० हजार हेक्टर जग्गा धानखेतीका लागि योग्य मानिन्छ । यसपालि पानीकै अभावले धान रोपाइँ ६५ प्रतिशत नकटेको कृषि ज्ञान केन्द्र महोत्तरीका विज्ञकै स्वीकारोक्ति छ । यद्यपि किसान त धान ५०/५५ प्रतिशतमात्र रोप्न सकिएको बताउँछन् ।

जिल्लामा कूल खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमा मात्र कुलो/नहरको सिँचाइ पुगेको छ । नब्बे प्रतिशत जग्गा त आकाशे पानीकै भरमा खेती गर्नुपर्ने अवस्था छ । यसपालि त असार/साउनको खडेरीले सिञ्चित जग्गाका पानीका स्रोतका मुहान पनि सुकेर कुलोमा राम्ररी पानी नचलेको किसान सम्झिरहेका छन् । यसले गर्दा आफू मरिहत्ते गरेर लागे पनि पानी नभएपछि खेतीको काम कत्ति अघि नबढ्ने बर्दिवास-९ पशुपतिनगरका किसान महेन्द्रसिंह कुशवाहाले बताए ।

जे होस्, भदौका पछिल्ला तीन साता चाँही ठीकै रहे, बेलाबेला पानी परेर चिस्यान मर्न दिएको छैन', कुशवाहा भन्नुहुन्छ, ईश्वरका भरको पानीमा खेती चलाउने हाम्रो नियति नै बनेको छ, हेर्नोस् न, यसो राम्ररी पानी परीदिँदा खुसी हुँइन्छ ।' यसपालि सम्यक वर्षा पहिले नहुँदा धान उत्पादन भने निकै घट्न सक्ने किसान बताउँछन् । रोपो फिर्ने बेला (रोपिएलगत्तै पाँच/सात दिनमा रोपो हरियो हुने प्रकृया) र गाँजिने बेला न पानी पायो, न मल नै', भङ्गाहा-३ कटैयाकी किसान रामराजी यादव भन्छन, अब अहिले वर्षाले थोरै आश जगाएको छ, हण्डर खेपेरै भए पनि अलिअलि मल पनि पाइएको छ, केही त फल्छ होला ।'

यसपालि बर्सातको मौसम मानिने असार, साउनमा निकै कम पानी परेकाले किसानले अपेक्षित रोपाइँ गर्न नसकेका छन् । धान गोडमेल र नाइट्रोजन मल रोपोमा हाल्ने बेला भदौको पहिलो साताभरि तातो बतास चलेर खेत झन रुखिँदा काममा समस्या परेको थियो । पछिल्लो वर्षामा धान गोडमेल गर्न पाइएको किसानले बताएका छन् । थोरैतिनो नाइट्रोजन (युरिया) मल पनि हाल्न पाइएको हुँदा अब धान चाँडै हलक्क बढेर पोटाउने किसानको आश छ । अहिले लामो प्रतीक्षापछि पानी पर्दा किसानलाई चाडबाड आएजस्तै खुसी मिलेको छ ।

# 'एक हातमा सिन्दुर अर्को हातमा नागरिकता सम्भव छैन्'

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा (एमाले)का सचिव रघुवीर महासेठले एक हातमा सिन्दुर अर्को हाथमा नागरिकता दिन सम्भव नभएको बताएका छन् । सोमबार जनकपुरधामको आमसभामा उनले सो कुरा बाताएका हुन् ।



नागरिकता विधेयक बारे विभिन्न भ्रम फैलाइएको उनले बताए । नागरिकता नेपालीले पाउनुपर्नेमा एमाले सकारात्मक रहेको भन्दै अहिलेको विधेयकमा केही बुंदा संशोधन गर्नुपर्ने उनले जिकिर गरे ।

'महन्थ ठाकुर पाँच वर्ष नागरिकताको कुरा बिर्सिन्छन तर चुनावमा गलत प्रचार गर्छन । नेकपा एमालेले नागरिकता दिँदैन,'उनले भने,'अब जनता जागरुक हुनुपर्छ ।'

मधेश प्रदेशमा ०७४ को निर्वाचनमा आएको मत परिणाम अनुसार एमाले पाँचौं स्थान भएको भन्दै अब एक नम्बर पार्टी बन्ने उनले विश्वास व्यक्त गरे । एमालेले मधेशमा अब १० वटा सिट प्रतिनिधिसभातर्फ जित्ने उनले दाबी गरे ।

'काँग्रेस झुठाहरुको झुण्ड'

त्यस्तै, नेपाली कांग्रेस पार्टी परित्याग गरी एमाले प्रवेश गरेका सन्तोष यादवले कांग्रेस झुठाहरुको झुण्ड भएको टिप्पणी गरेका छन् । जनसभामा उनले टिप्पणी गर्दै काँग्रेस झुठाहरुको झुण्डकै कारण बर्बाद भएको बताए ।

कांग्रेसमा वडादेखि सबै सिट विक्री हुने गरेको उनले आरोप समेत लगाए । पार्टीमा आफू जनआन्दोलन भन्दा अघिदेखि लागेको भन्दै पार्टीमा व्यक्ति हाबी भएको उल्लेख गरे ।

**'पैसामा वडादेखि नै पार्टीको टिकट विक्री हुने गरेको छ । यो गठबन्धन होइन राष्ट्रको लागि ठगबन्धन हो ।**

'पैसामा वडादेखि नै पार्टीको टिकट विक्री हुने गरेको छ । यो गठबन्धन होइन राष्ट्रको लागि ठगबन्धन हो ।

उनले भने,'कांग्रेसमा सिद्धान्त बिर्सिएका नेताहरुको हालीमुहाली छ ।' कांग्रेस नेता विमलेन्द्र निधि र पार्टी सह महामन्त्री महेन्द्र यादवलाई लक्षित गर्दै टिकट लिन डराएको उनले टिप्पणी गरे । गठबन्धनका दलहरु मिलेर देश बन्धक बनाएको उनले धारणा राखे ।

कालो झण्डा देखाउने रिहा

पार्टीका अध्यक्ष केपी शर्मा ओलीलाई कालो झण्डा देखाउन खोजेको आरोपमा पक्राउ परेका ११ जना रिहा भएका छन् । ओली तिरहुतिया गाछीस्थित आमसभामा सहभागी हुन जाने बेलामा उनीहरुले नागरिकता विधेयक ओलीले अड्काएको भन्दै कालो झण्डा देखाउने तयारी गरेका थिए ।

त्यतिबेला प्रहरीले नियन्त्रणमा लिएर उनीहरुलाई साँझ सर्त गराएर प्रहरीले थुनामुक्त गरेको धनुषाका प्रहरी नायव उपरीक्षक प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८